# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३४२ | काठमाडौं | सोमबार, २५ चैत २०८१ | Prabhab National Daily | Monday, April 07, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## महानगर अस्तव्यस्त पारेर भ्रमणमा मस्त मेयर-उपमेयर





■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो केही महिनायता काठमाडौं महानगर अस्तव्यस्त अवस्थामा छ । बिहीबार कर्मचारी तथा जनप्रतिनिधिहरू मेयरबाहेकले जुलुसै गरेर प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालयमा हाजिर गराए पनि महानगर सहजरूपमा सञ्चालनमा आउन सकेको छैन ।

महानगरमा प्रमुख प्रशासकीय अधिकृत नभएको समयमा अधिकांश महानगरपालिकाका कर्मचारी पछि भुक्तानी हुनेगरी फिल्ड भ्रमणमा देखिन्छन् । मेयर उपमेयर पनि भ्रमणमै व्यस्त छन् । त्यसो भए काठमाडामैं महानगरपालिका कसले चलाउँछ त ? भन्ने गम्भीर प्रश्न उठ्छ । न महानगरका मेयर कार्यालयमा हुन्छन् न उपमेयर । जानकारहरूका अनुसार महानगरमा मेयर बालेन्द्र साहलाई उनको सचिवालयले चलाउँछ । आफ्ना सल्लाहकार कुमार व्यञ्जनकारले लेखिदिएको 'स्टाटस' सामाजिक सञ्जालमा पोस्टचाएर बन्द कोठामा बसेर उनी रमाउँछन् ।

उनीसँगै हुञ्छन् अर्का उनका भारतको बैंगलोरमा पढ्दाका 'रुममेट' सुनिल लम्साल । जसले वातावरण विभागदेखि सूचना प्रविधि विभाग, नक्सा विभागसम्मको हचाण्डल गर्छन् । अनि बालेनले गर्ने कार्यालयको काम कारबाही सबै निजी सचिव भूपदेवले गर्छन् । यो कुरा कतिलाई पत्याउन नै गाह्रो पर्ला । तर महानगरमा हुन्छ नै त्यही, र भइरहेको छ पनि त्यही । महानगरमा त्यत्रो बबण्डर हुँदा अहिले मेयर काभ्रे-दोलखातिर घुमिरहेका छन् ।

महानगरका मेयर कार्यालयमा नभेटिएपछि प्रवक्ता नवीन मानन्धरलाई प्रश्न गर्दा 'मेयर सचिवालयलाई सोध्नुस्, मलाई थाहा हुँदैन' भन्ने जवाफ दिन्छन् । निजी सचिवका रूपमा नियुक्ति पाएर सचिवालय हाँकिरहेका भूपदेव साह भन्छन्, 'मेयर अफिसकै काममा यतै कतै हुनुहुन्छ ।'

क्रमशः पृष्ठ २ मा

### मेयर बालेन र उनका निजी सचिवविरूद्ध अख्तियारमा उजुरी

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साह र उनका निजी सचिव भूपदेव साहविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । पश्चिम नेपालका स्थानीय तहहरूलाई उपलब्ध गराउने भनिएको एम्बुलेन्स खरिदमा आर्थिक अनियमितता भएको भन्दै अख्तियारमा उजुरी परेको हो ।

उजुरीमा मेयर साहसँगै उनका स्वकीय सचिव भुपदेव र खरिद प्रक्रियामा संलग्न कर्मचारीहरूमाथि कारबाही माग गरिएको छ । दर्ता नम्बर सी-०४०५६९ भएको उक्त उजुरीपत्रमा भनिएको छ, 'बालेन्द्र साहको निर्देशनमा भुपदेव साहको नेतृत्वमा उनकै गृहक्षेत्र पश्चिम नेपालका पालिकालाई एम्बुलेन्स वितरण गर्ने कार्यक्रम ल्याइएको थियो । सो योजनाअनुसार ३५ वटा एम्बुलेन्स खरिद गर्न स्पेसिफिकेसन निर्माण र लागत अनुमानको चरणमै भ्रष्टाचार गर्ने नियत देखिन्छ ।'

क्रमशः पृष्ठ २ मा

## शिक्षकहरू शैक्षिक हाडतालमा वार्ताको तयारीमा छैन सरकार

- नेपाल शिक्षक महासंघले चौथो चरणको आन्दोलन घोषणा गर्दै देशभरका शिक्षकलाई काठमाडौंमा डाकेको छ
- शिक्षामन्त्री विद्या भट्टराई शिक्षकको आन्दोलनमा कतै देखिएकी छैनन् भने शिक्षकहरु प्रधानमन्त्री केपी शर्मा ओलीसँगमात्र वार्ता गर्ने अडानमा छन्
- २२ बुँदे मागसहित आन्दोलनमा उत्रेका शिक्षकहरु विद्यालय शिक्षा ऐन जारी नभएसम्म काठमाडौंमै बस्ने चेतावनी




■ प्रभाव संवाददाता

**काठमाडौं–** शिक्षा ऐनको माग गर्दै बुधबारबाट सडकमा उत्रिएका शिक्षकहरूले शैक्षिक हड्तालको घोषणा गरेका छन् । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयक-२०८० लाई अविलम्ब ऐनको रूप दिनुपर्ने माग गर्दै शिक्षकहरू चैत २० बाट सडकमा आएका हुन् ।

आइतबार नेपाल शिक्षक महासंघले चौथो चरणको आन्दोलन घोषणा गरेको छ । आन्दोलनको नेतृत्व गरिरहेको महासंघले २२ बुँदे मागसहित आज (सोमबार)देखि शैक्षिक हडताल घोषणा गरेको हो । महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले आन्दोलन अवधिभर उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम, गोष्ठी, शैक्षिक भ्रमणजस्ता कुनै पनि कार्यमा संलग्न नहुन देशभरका शिक्षकहरूलाई आग्रह गरेका छन् ।

'विगतमा भएका सबै सहमति सम्बोधन हुनेगरी गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी गर्न अन्तिमपटक निर्णायक आन्दोलन गर्नुपर्ने भएको छ,' शिक्षकहरूको विभिन्न संगठनले जारी गरेको संयुक्त वक्तव्यमा भनिएको छ, 'यो आन्दोलनलाई अझ सशक्त गराउन नेपाल शिक्षक महासंघले २०८१ चैत २५ गतेबाट शैक्षिक हड्तालको कार्यक्रम उद्घोष गरेको छ ।' महासंघले देशभरका सबै विद्यालय बन्द गरी सबै शिक्षक-कर्मचारीलाई अनिवार्य काठमाडौं आउन र विद्यालय शिक्षा ऐन जारी नभएसम्म आन्दोलनको मोर्चामा लाग्नसमेत अपिल गरेको छ । सुवेदीले अध्यादेशबाट भए पनि विगतमा गरिएका सहमतिअनुसार विधेयक जारी गर्नुपर्ने माग गरे । आइतबार शिक्षकहरू बबरमहल-बानेश्वर सडकमा भेला भएर सिठ्ठी बजाउँदै सरकारको ध्यानाकर्षण गराएका थिए ।

क्रमशः पृष्ठ २ मा

### यी हुन् शिक्षकका मागहरु

१. **अस्थायी प्रकृतिका शिक्षक सम्बन्धमा**

क) राहत, साविक उच्च मावि, शिक्षण सिकाइ अनुदान, प्राविधिकधार तथा विशेष शिक्षाका शिक्षकको कोटालाई स्वीकृत दरबन्दीमा परिणत गरी उमेरको हद नलगाई महासंघसँग २०८० सालमा भएको सहमति बमोजिम स्थायी गर्ने र स्थायी हुन नसक्नेको हकमा गोल्डेन हेन्डसेकको व्यवस्था गर्ने । विसं २०७५ को आन्तरिक परीक्षा दिन नपाएका वा छुटेका अस्थायी/करार शिक्षकले पनि यो अवसर पाउने ।

ख) अबदेखि फरक खालको सेवासुविधा हुने शिक्षक कोटाहरू सिर्जना नगर्ने। शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान कार्यदलले दिएको सुझाव अनुसार नयाँ शिक्षक दरबन्दी थप गरी वितरण गर्ने ।

ग) अस्थायी प्रकृतिका शिक्षकको विरामी बिदा सञ्चित हुने व्यवस्था गर्ने ।

२. **विद्यालय कर्मचारी सम्बन्धमा**

क) तह अनुसार हरेक विद्यालयमा कर्मचारीको दरबन्दी व्यवस्था गर्ने र महासंघसँग भएको सहमतीअनुसार तह (खरदार/नासु /अधिकृत) तोकी शिक्षक सेवा आयोगबाट स्थायी गर्ने ।

ख) अवकाश भएका र अवकाश लिन चाहने कर्मचारीलाई सुविधा दिने ।

३. **बालकक्षामा शिक्षक सम्बन्धमा**

बाल विकास शिक्षालाई विद्यालय संरचनाभित्र ल्याउने। बाल विकास कोटालाई स्वीकृत कोटा (प्राथमिक तृतीय सरह) मा परिणत गरी महासंघसँग भएको सहमति बमोजिम शिक्षक सेवा आयोगबाट स्थायीत्वको प्रक्रियामा लैजाने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

### गेलाल प्यानलको चुनावी प्रतिबद्धता

## वैदेशिक रोजगार व्यवसायलाई उत्कृष्ट सेवामूलक उद्योग बनाउने परिकल्पना

■ विविशा पौडेल

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनका लागि नरेश गेलाल नेतृत्वको संयुक्त व्यावसायिक समूहले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ । समूहले आइतबार चुनावीसभा आयोजना गरी आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेको हो ।

नेकपा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल नेतृत्वको यो प्यानलमा नेपाली कांग्रेसनिकट लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघको असन्तुष्ट समूह र नेकपा एकीकृत समाजवादी पार्टीनिकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन आबद्ध रहेका छन् । संघको अध्यक्षका लागि गेलालसँग लोकतान्त्रिक-गणतान्त्रिक संयुक्त प्यानलबाट भुवनसिंह गुरुङ प्रतिस्पर्धामा छन् ।

गेलाल नेतृत्वको संयुक्त व्यावसायिक समूहले 'देश विकासको आधार, सुरक्षित वैदेशिक रोजगार' लाई मुख्य चुनावी नारा बनाएको छ । वैदेशिक रोजगार व्यवसायलाई उच्च मूल्यांकन गर्दै यस क्षेत्रलाई उत्कृष्ट सेवामूलक उद्योग बनाउने परिकल्पना यो समूहले अघि सारेको छ । एचआर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालिका सञ्चालक गेलालले आफू नेतृत्वको प्यानललाई जिताउन व्यवसायीहरूसँग अपिल गरे । चुनावीसभालाई सम्बोधन गर्दै उनले प्रतिबद्धतापत्रमा उल्लिखित बुँदाहरू अक्षरश कार्यान्वयनमा ल्याउने आश्वासन दिए ।

क्रमशः पृष्ठ २ मा



नरेश गेलाल

- 'देश विकासको आधार, सुरक्षित वैदेशिक रोजगार' लाई मुख्य चुनावी नारा
- वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने संकल्प
- नीतिगत सुधारका लागि २१ बुँदा, कार्यविधि व्यवस्थापनमा १० बुँदा र आन्तरिक व्यवस्थापनमा १५ बुँदाको प्रतिबद्धता समावेश
- प्रतिबद्धतापत्रमा उल्लिखित बुँदाहरु अक्षरश कार्यान्वयनमा ल्याउने अध्यक्षका उम्मेदवार नरेश गेलालको आश्वासन

### प्रतिबद्धतापत्रमा के छ ?

नरेश गेलाल नेतृत्वको संयुक्त व्यावसायिक समूहले नीतिगत सुधारका लागि २१ बुँदा, कार्यविधि व्यवस्थापनमा १० बुँदा र आन्तरिक व्यवस्थापनमा १५ बुँदाको प्रतिबद्धता समावेश गरेको छ । नीतिगत सुधारतर्फको पहिलो बुँदामा वैदेशिक रोजगार ऐन, २०६४ लाई समयानुकूल परिमार्जन गरी व्यवसायी तथा कामदारमैत्री बनाउने उल्लेख छ । जसमा श्रम सम्झौताका आधारमा अन्तिम स्वीकृति दिनुपर्ने र मागपत्र दूतावासबाट अनिवार्य प्रमाणीकरणको व्यवस्था हटाउन विशेष जोड दिने प्रतिबद्धता जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं**

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

## शिक्षकहरू..

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आन्दोलनरत शिक्षकहरूको माग सम्बोधन गर्न आवश्यक परे संसद्को विशेष अधिवेशन बोलाउन सकिने बताएका छन् । उनले शिक्षकहरूलाई आन्दोलन जारी राख्न आग्रह गर्दै उनीहरूलाई नथिच्न सरकारलाई चेतावनी पनि दिए । काठमाडौंमा नेवाः राष्ट्रिय मुक्ति मोर्चाको प्रशिक्षण भेलालाई आइतबार सम्बोधन गर्दै दाहालले भने, 'शिक्षकहरूलाई बधाई दिन चाहन्छु, तपाईंहरूले माग पूरा नभएसम्म आन्दोलन छोड्दिन भन्नुभएको छ । हामी तपाईंहरूको साथमा छौं ।'

सरकारले शिक्षकलाई सताउने काम गर्न नहुने उनको सुझाव छ । 'सरकारले शिक्षकहरूलाई सताउने काम बन्द गर्नुपर्छ,' उनले भने । शिक्षकहरूले अध्यादेशबाटै भए पनि शिक्षा ऐन जारी गर्नुपर्ने माग गरिरहेका छन् । यस सम्बन्धमा दाहालले संसद्को विशेष अधिवेशन बोलाउन सकिने दाहालले बताए । 'मैले प्रतिपक्षी सबै दलसँग कुरा गर्न त भ्याएको छैन । तर प्रतिपक्षी दलहरूको बैठक बसेर आवश्यक परे संसद्को विशेष अधिवेशन बोलाउन सकिन्छ,' उनले भने ।

### वार्ताको तयारीमा छैन सरकार

प्रधानमन्त्री केपी शर्मा ओली थाइल्याण्ड भ्रमणमा रहेको बेला आन्दोलन सुरू भएपछि सरकारले कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका उपप्रधानमन्त्री प्रकाशमान सिंहसँग वार्ताको तयारी गरेको थियो । शिक्षकहरूलाई सिंहले शुक्रबार ३ बजेका लागि वार्तामा डाकेका थिए । तर शिक्षकहरूले सिंहले बोलाएको वार्तामा नजाने अडान लिए ।

त्यसपछि वार्ता अघि बढ्न सकेन । शिक्षा क्षेत्रको तालुकदार मन्त्रालय हो, शिक्षा मन्त्रालय । यस मन्त्रालयको नेतृत्वमा छिन् एमाले नेतृ विद्या भट्टराई । शिक्षामन्त्री भट्टराईले यसबारे कुनै चासो दिएको देखिन्न । आन्दोलन सुरू भएको भोलिपल्ट बिहीबार मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विज्ञप्ति जारी गर्दै शिक्षा मन्त्रालयमा डाकेका थिए । 'विधेयक संसद्मा पेस हुने, छलफल हुने र स्वीकृत हुने विधायकी प्रक्रियाका सम्बन्धमा निश्चित कानुनी बन्दोबस्त रहेका छन् र सबैलाई यसको जानकारी पनि छ,' सापकोटाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'तथापि, शिक्षक समुदायसँग विगतझैं फेरि पनि सान्दर्भिक छलफल गर्न र साझा धारणा निर्माण गर्न नेपाल सरकार हमेशा तयार रहेकाले यसका लागि शिक्षक तथा कर्मचारीका प्रतिनिधिहरूलाई मन्त्रालयमा हार्दिक स्वागत गर्दछौं । विद्यालय शिक्षा विधेयक स्वीकृतिको पर्खाइमा रहेकाले यसका लागि सामूहिक सन्देश प्रवाह गर्न मन्त्रालय सदैव सकारात्मक छ ।'

शिक्षामन्त्रीको कुनै तदारुकता नदेखिएपछि शिक्षकहरू प्रधानमन्त्री ओली नै वार्तामा बस्नुपर्ने अडानमा उत्रेका हुन् । प्रधानमन्त्री ओलीले थाइल्याण्डबाट फर्कने क्रममा शनिबार शिक्षकहरूको माग सम्बोधन गर्ने बताएका थिए । 'शिक्षकहरूलाई म धन्यवाद भन्न चाहन्छु । सरकारमाथि विश्वास गरेर प्रदर्शनमा आउनुभएको छ । आवाज उठाएपछि सरकारले सुन्छ भनेर उहाँहरू प्रदर्शनमा आउनुभएको छ । कति गर्न सकिन्छ, कस्तो गर्न सकिन्छ भन्ने त छलफलमा बसेर टुंगिन्छ । उहाँहरूले सरकारले सुनेन कि भनेर पहिला पहिलाजस्तै ठान्नुभएको होला । समस्या टुंगिन्छ र जानुहुन्छ,' प्रधानमन्त्री ओलीले शनिबार भनेका थिए । यद्यपि ओलीले अहिलेसम्म शिक्षकसँग वार्ता गर्ने कुनै छनक दिएका छैनन् ।

विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभाअन्तर्गतको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलको क्रममा छ । सांसद छविलाल विश्वकर्मा संयोजकत्वको ११ सदस्यीय उपसमितिलाई दफावार छलफल टुंग्याउने जिम्मा दिइएको छ । विधेयकमा १६३ दफा छन् । समितिका सभापति अम्मरबहादुर थापाका अनुसार आगामी असारसम्म विद्यालय शिक्षा विधेयकलाई ऐनको रूप दिनेगरी समितिले काम गरिरहेको छ ।

■■■

## यी हुन्...

**४. स्थायी शिक्षकको सम्बन्धमा**

क) बढुवाको व्यवस्थाः शिक्षक बढुवामा चार श्रेणी ( तृतीय, द्वितीय, प्रथम र विशिष्ट) को व्यवस्था गरी बढुवाको अनुपात वृद्धि (६०:२० : १० : ५) गर्ने । हरेक दश वर्षमा बढुवा हुने प्रबन्ध गर्ने (आवधिक बढुवा) । त्यसैगरी आवश्यक शैक्षिक योग्यता र लाइसेन्स भएका शिक्षकको बढुवा गर्दा तहगत (प्राथमिकबाट निमा र निमाबाट माध्यमिक) हुने व्यवस्था गर्ने ।

ख) तलब र ग्रेड सम्बन्धमाः शिक्षण पेसाका केही तह र श्रेणी (प्रातृ, प्रा द्वि, निमा तृ र मावि प्रथम ) को उच्चतम ग्रेड संख्या समान तहका निजामती सेवाका कर्मचारीको भन्दा कम रहेको छ । त्यसैगरी नि मा प्रथमको तलब समान तह. (माध्यमिक द्वितीय/उपसचिव) भन्दा कम रहेको छ। यसको खालको विभेदलाई सँधैका लागि अन्त्य गर्न शिक्षकको तलब र ग्रेड समान तह र श्रेणीका निजामती कर्मचारीको भन्दा कम हुनेछैन भन्ने ऐनमा नै उल्लेख गर्ने ।

ग) स्थायीको आन्तरिक प्रतिस्पर्धाः तल्लो तहमा स्थायी भएका शिक्षकको हकमा हरेक पटक खुला पदमा शिक्षक सेवा आयोग खुल्दा २५ प्रतिशत पद आन्तरिक प्रतिस्पर्धाका लागि छुट्याइ दिने ।

घ) निवृत्तिभरणको व्यवस्थाः विद्यालय शिक्षा ऐन जारी भएको मितिलाई प्रस्थानविन्दु मानी यस अघि स्थायी भएका सबै शिक्षकका लागि पुरानै प्रणाली अनुसार निवृत्तिभरण पाउने व्यवस्था गर्ने र त्यस पछि स्थायी हुने शिक्षक-कर्मचारीको हकमा योगदानमा आधारित पेन्सनको व्यवस्था गर्ने ।

ङ) अस्थायी सेवा अवधिको गणनाः विश्व विद्यालयमा जस्तै निवृत्तिभरण प्रयोजनका लागि शिक्षकको सबै अस्थायी अवधि गणना हुने व्यवस्था गर्ने ।

च) माथिल्लो तहमा स्थायी हुँदा पाउने तलबबारेः तल्लो तहमा स्थायी भएको शिक्षक खुला परीक्षाबाट माथिल्लो तहमा स्थायी हुँदा उसले पाउने तलब तल्लो तहमा स्थायी हुँदा पाएको तलब तथा ग्रेडको योगभन्दा कम नहुने व्यवस्था गर्ने ।

**५. द्वन्द्वपीडित शिक्षक सम्बन्धमा**

द्वन्द्वपीडित तथा शिक्षकको पेसागत संस्थामा बसेर लामो सेवा गरेका शिक्षकको टुटेको सेवा अवधि गणना गरी नियमानुसार उपदान वा निवृत्तिभरण दिने व्यवस्था गर्ने ।

**६. संस्थागत विद्यालयका शिक्षक सम्बन्धमा**

संस्थागत विद्यालयका शिक्षकको तलब भत्ता सामुदायिक विद्यालयका शिक्षक सरह कायम गर्न अनिवार्य व्यवस्था गर्ने । यस्ता शिक्षकको जिल्लास्थित शिक्षासम्बन्धी कार्यलयमा रेकर्ड अद्यावधिक राख्ने र सबै शिक्षक-कर्मचारीका लागि सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने । सामुदायिक विद्यालयको निजीस्रोतमा काम गर्ने शिक्षक कर्मचारीका लागि पनि सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने ।

**७. प्रधानाध्यापकको व्यवस्था सम्बन्धमा**

प्रधानाध्यापकका लागि छुट्टै दरबन्दीको व्यवस्था गर्ने र पाँच वर्ष सम्बन्धित तहमा स्थायी सेवा गरेका शिक्षकबाट प्रतिस्पर्धा गराई शिक्षक सेवा आयोगमार्फत प्रधानाध्यापकको पदपूर्ति गर्ने । प्रधानाध्यापकलाई प्रशासनिक तथा प्राज्ञिक नेतृत्व गर्ने बलियो र जिम्मेवार पदाधिकारीको रूपमा विकास गर्ने । विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीको अवस्थाको नियमित अनुगमनका लागि महासंघको प्रतिनिधित्व सहितको अनुगमन समिति बनाउने ।

**८. शिक्षण काउन्सिल सम्बन्धमा**

शिक्षकको रजिस्ट्रेसन, तालिम र पेसागत विकासका क्षेत्रमा काम गर्ने गरी अधिकार सम्पन्न शिक्षण काउन्सिलको व्यवस्था गर्ने ।

**९. विभागीय कारबाही**

शिक्षकको विभागीय कारबाहीको अधिकार जिल्ला, प्रदेश र संघका कायालयमा विभाजन गरी व्यवस्थापन गर्ने ।

**१०. कार्यसम्पादन मूल्यांकन**

शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको अधिकार विद्यालय, शिक्षासम्बन्धी जिल्लास्थित कार्यालय तथा प्रादेशिक कार्यालयमा व्यवस्थित गर्ने ।

**११. शिक्षक-कर्मचारीको सरुवा**

शिक्षकको सरुवाको हकमा पालिकाभित्र सरुवाका लागि सर्त तथा मापदण्डहरू निर्माण गर्ने । अन्तरजिल्ला सरुवाको अधिकार जिल्ला र प्रदेश तहको कार्यालयमा व्यवस्थित गर्ने ।

**१२. पेसा प्रवेश उमेरः** शिक्षण पेसा प्रवेश उमेर ४० वर्ष गर्ने ।

**१३. वि.व्य.सं:** अभिभावकको नेतृत्वमा अभिभावककै बाहुल्य हुनेगरी वि.व्य.स गठन हुने प्रबन्ध ऐनमा उल्लेख गर्ने ।

**१४. जिल्लामा शिक्षाको एकाइ**

संघ र प्रदेश तहसँग सम्बन्धित रहेर काम गर्ने गरी जिल्ला तहमा शिक्षाको एकाइ राख्ने। उक्त एकाइबाट एसइई, एसएसली परीक्षाको संयोजन र व्यवस्थापन, शिक्षक सेवा आयोगबाट सञ्चालन हुने परीक्षाको संयोजन तथा व्यवस्थापन, शिक्षकको कार्य सम्पादन मूल्यांकन, शिक्षक-कर्मचारीको जिल्लान्तर सरुवा, पालिकाहरूबीच शैक्षिक विषयमा समन्वय गर्ने, शिक्षण काउन्सिल मार्फत गरिने कामको संयोजन र व्यवस्थापन, शिक्षक किताबखानासम्बन्धी कागजातको प्रमाणीकरण, शिक्षकको लामो बिदा स्वीकृतिजस्ता काम जिम्मा दिने ।

**१५. पद समायोजनः** प्राथमिक द्वितीय र नि.मा.द्वितीयमा नियुक्त भएका र त्यसपछि बढुवा भएका सबै शिक्षकको समान तहमा पद समायोजन गर्ने ।

**१६ विद्यालयको सम्पत्ति हस्तान्तरणः** विद्यालयको सम्पत्ति गैरशैक्षिक प्रयोजनमा प्रयोग र हस्तान्तरण गर्न नपाइने। शैक्षिक प्रयोजनका लागि समेत यस्तो सम्पत्ति हस्तान्तरणको गर्ने अधिकार संघमा रहने व्यवस्था गर्ने ।

**१७. प्राविधिक ग्रेडः** शिक्षण पेसा प्राविधिक पेसा भएकोले सबै शिक्षकका लागि थप प्राविधिक ग्रेडको व्यवस्था गर्ने ।

**१८. शिक्षकको मर्यादाक्रमः** शिक्षकको लागि राष्ट्रिय मर्यादाक्रमको व्यवस्था गर्ने ।

**१९. शिक्षक दरबन्दीः** हरेक विद्यालयमा शिक्षक दरबन्दी व्यवस्था गर्दा आधारभूत (१- ५) मा प्रधानाध्यापकबाहेक कक्षागत, आधारभूत तह (६-८) मा प्रधानाध्यापकबाहेक विषयगत र मावि तहमा प्रधानाध्यापकबाहेक विषयगत शिक्षकको व्यवस्था गर्ने । हाल रहेका शिक्षक दरबन्दी (कोटा ) हरू स्थानीय तहमा हस्तान्तरण नगर्ने । शिक्षक विद्यार्थी अनुपात १:३० गर्ने ।

**२०. नेपाल शिक्षक महासंघः** विद्यालयका शिक्षक-कर्मचारीको पेसागत हकहितको प्राप्ति र संरक्षणका लागि नेपाल शिक्षक महासंघ रहने । शिक्षकको ट्रेड युनियन अधिकारको संरक्षण गर्ने ।

**२१. शैक्षिक प्रशासनमा शिक्षकको सहभागिताः** पालिका, जिल्ला, प्रदेश र संघमा रहेका शैक्षिक प्रशासनका पदहरूमा शिक्षण पेसाबाट पनि लैजाने प्रबन्ध गर्नुपर्ने ।

**२२. अध्ययनमा आर्थिक सहयोगः** शिक्षकलाई उच्च अध्ययन, अनुसन्धान र लेखनका लागि बिदा तथा आर्थिक सहयोगको व्यवस्था गर्नुपर्ने ।

■■■

## महानगर...

मेयरले सहजरूपमा काम गर्न सकेनन् भने उपमेयरले त्यसलाई सही बाटो डोऱ्याउनुपर्दथ्यो । तर महानगरमा विगत करिब तीन वर्षमा त्यो पनि भएन । मेयरलाई सचिवालयले चलाउँथे । उपमेयरलाई पूर्वप्रदेश सांसद अजयक्रान्ति शाक्य र उनकी पत्नी अञ्जान शाक्यले ।

जसले जसलाई चलाए पनि वा घुमाए पनि घरमुलीका रूपमा रहेका मेयर र उपमेयर बिहीबार अघिसम्म गोप्य सम्वादसहित अगाडि बढ्थे । मेयर जसोजसो भन्थे उपमेयर उसैउसै मान्थिन् । मेयरलाई आएको अधिकांश विदेशका कार्यक्रममा उपमेयरलाई पठाइदिन्थे । उपमेयर पनि दंग पर्दै विदेश सयर गर्थिन् । शनिबार साँझ त्यही पहिलेकै सहमतिअनुसार उपमेयर सुनिता डंगोल बेल्जियम उडेकी छन् ।

काठमाडौं महानगरपालिका विगत तीन महिनादेखि अस्तव्यस्त थियो । प्रधानमन्त्री केपी शर्मा ओली र मेयर साहको व्यक्तिगत द्वन्द्वको मारमा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरू पर्ने गर्दथे । त्यसको सिकारमा सरोज गुरागाईं पनि परे । तीन महिनासम्म मानसिकरूपमा तनाव खेपेका गुरागाईंलाई २८ जना वडाध्यक्ष र कर्मचारीहरूले बेहुलाजस्तै गरी भित्र्याए ।

गुरागाईंले जिम्मेवारी त सम्हाले तर उनीमाथिका मेयर उपमेयर घुम्न नै व्यस्त हुँदा कार्यालय अझै अस्तव्यस्त भइरहेको छ । तीन महिनादेखि कार्यालय अस्तव्यस्त हुँदा पनि वास्तै नगरेर मेयर साह केही दिनदेखि काठमाडौं छाडेर घुमघाममा रमाएको सामाजिक सञ्जालमा उनीनिकटले पोस्टचाएका तस्बिरले नै पुष्टि गर्छ । मेयरकै सिको गर्दै उपमेयर डंगोल पनि विदेश भ्रमणमा जान पाए जस्तोसुकै अवस्थामा पनि हिँडिदिन्छिन्, त्यसको ज्वलन्त उदाहरण शनिबारको बेल्जियम भ्रमण ।

बिहीबारमात्र प्रमुख प्रशासकीय अधिकृत गुराँगाईलाई स्वागत गरेर मेयर साहमाथि बन्द कोठामा बसेर निर्देशन नदिन चुनौती दिने उनै उपमेयरलाई मेयरका निजी सचिव भूपदेवले एक टेलिभिजनलाई जेल जान तयार हुन चेतावनी दिएका थिए । मेयरको निजी सचिवले त्यसरी चेतावनी दिँदासमेत मौन बसेर अस्तव्यस्त महानगरलाई सही बाटोमा ल्याउन छाडेर आफैं बेल्जियम हिँडेकी छन् । मेयर एकातिर र उपमेयर अर्कोतिर मस्त भइँरहँदा महानगरको कार्य भने पूर्णरूपमा प्रभावित भएका छन् ।

■■■

## मेयर बालेन...

साहले एम्बुलेन्स आपूर्ति गर्ने बोलपत्रदाता गाडी कम्पनीसँग २१ मोडलको स्कर्पियो गाडी घूसस्वरूप लिने सहमति गरेको र उनले त्यसैअनुसार खरिद प्रक्रिया अघि बढाएको आरोपपत्रमा उल्लेख गरिएको छ । बोलपत्र दस्तावेजअनुसार सामान आएपछि मात्र भुक्तानी हुने प्रावधान हुँदाहुँदै पनि गाडी कम्पनीले सुरुमै भुक्तानी दिने सर्त राखेको र त्यसलाई महानगरले स्वीकार गरेर खरिद ऐन, २०६३ को दफा ५२ (क) विपरीत कार्य भएको उजुरीमा उल्लेख छ ।

.सोहीअनुरूप नै ललितपुर महानगरबाट काठमाडौंमा समायोजन भई आएका नवौं तहका रामरतन साहलाई खरिद एकाइको प्रमुख बनाउन केही समय पनि काम गर्न नपाउँदै नमराज ढकाललाई सहकारी विभागमा सरुवा गरिएको थियो । अख्तियारमा दर्ता गरिएको उजुरीमा त्यसबेलाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारको पनि मिलेमतो भएको उल्लेख गरिएको छ ।

त्यसका लागि खरिद एकाइका प्रमुख रामरतन साहले गाडी घूसस्वरूप लिने सर्तमा मूल्यांकन प्रक्रिया फेरि दोहोऱ्याएर एक करोड २५ लाख रूपैयाँभन्दा बढीको क्षति पुऱ्याएको आरोपपत्रका उल्लेख गरिएको छ । उजुरीकर्ताले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(क) र ९ बमोजिम कानुनी कारबाहीको माग गरेका छन् । साथै, मूल्यांकन समितिमा बसेकालाई पनि अनुसन्धानको दायरामा ल्याउन माग गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत ३५ वटा एम्बुलेन्स खरिद गरेर विभिन्न गाउँपालिकाहरूलाई सहयोग गर्ने घोषणा महानगरले गरेको थियो ।

■■■

## वैदेशिक रोजगार...

प्रगतिशील मञ्चका पूर्वअध्यक्ष तथा संघका पूर्वमहासचिवसमेत रहेका गेलालको नेतृत्वमा रहेको टिमको प्रथम उपाध्यक्षमा एलाइन्स ह्युमन रिसोर्स प्रालिका सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा इम्प्लोइमेन्ट लिंक प्रालिका मधुकर रिजाल र तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआरका बैकुण्ठप्रसाद पौडेलले उम्मेदवारी दिएका छन् । गेलालको प्यानलबाट महासचिवमा डाइनामिक स्टाफिङ सोलुसनका कर्णराज कटुवाल, सचिवमा कन्फिडेन्ट इन्टर नेसनल म्यानपावरका अनिल बोगटी र सचिवमा कालिञ्चोक एचआरकी धनमाया सिञ्जाली उम्मेदवार रहेका छन् ।

त्यसैगरी सदस्यहरूमा माउन्टेन ग्रुपमा देउमान नेम्बाङ, ग्रोथ प्रोसेस इम्प्लोइमेन्टका राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रालिका चन्द्रबहादुर लिम्बू, रियो ओभरसिजकी रमा खड्का, विनर एचआरकी हिमा गुरुङ, गल्फ इम्पेयरका दिनेश बस्नेत, आयुष ओभरसिजका कामेश्वर शाह, सिगल ओभरसिजका छत्रबहादुर बस्नेत, डेस्टिनी ह्युमन रिसोर्सका युवराज देवकोटा र गल्फ एसिया म्यानपावरका राजेश यादव रहेका छन् ।

■■■

## प्रतिबद्धतापत्रमा...

यसैगरी, १० हजार रूपैयाँ सेवा शुल्क खारेजीको विषयलाई पनि प्राथमिकता दिइएको छ । यसको सट्टा कामदारले पाउने एक महिनाको तलब बराबरको रकम व्यवसायीले लिन पाउने व्यवस्था गर्न पहल गर्ने बताइएको छ । वार्षिक १०० जना कामदार पठाउनुपर्ने कानुनी प्रावधान हटाउन, सार्क मुलुकहरूसरह नेपाली कामदारहरूले पनि रोजगारदाता कम्पनीले हवाई टिकट नदिएको अवस्थामा कामदारले नै हवाई टिकटबापतको रकम तिरेर रोजगारीमा जान पाउने व्यवस्था गर्न, कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूले कामदारलाई पार्ने उच्च आर्थिक भारलाई न्यूनीकरण गर्न पहल गर्नेलगायत प्रतिबद्धता पनि गेलाल नेतृत्वको समूहले अघि सारेको छ ।

नीतिगत सुधारतर्फ नै घरेलु कामदार कार्यविधिलाई परिमार्जन गरी कामदार र व्यवसायीमैत्री बनाउन, सम्झौताअनुसार कार्य नगर्ने रोजगारदाता कम्पनी र विदेशी रिक्रुटिङ एजेन्सीलाई कालो सूचीमा राख्ने व्यवस्था गर्न, खाडी मुलुकमा जाने नेपाली कामदारले पाउने न्यूनतम पारिश्रमिकमा एकरूपता कायम गर्न काम गर्ने पनि प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ । यसैगरी संघीय नियम कानुनलाई कामदार र व्यवसायीमैत्री बनाउन, वैदेशिक रोजगार व्यवसायीले स्वदेशमासमेत कामदार आपूर्ति गर्न पाउने इजाजतको व्यवस्था गराउन, इजरायललगायतका मुलुकहरूमा व्यवसायी संस्थामार्फत कामदार आपूर्ति गर्ने व्यवस्था गराउनदेखि युटचुबरका नाममा भएका व्यवसायीविरोध हर्कतलाई निस्तेज गर्नेसम्मका बुँदा गेलाल समूहको प्रतिबद्धतापत्रमा समेटिएका छन् ।

कार्यविधि व्यवस्थापनतर्फ अनलाइन श्रम स्वीकृति प्रणालीलाई थप प्रभावकारी बनाउन, वैदेशिक रोजगार विभागमा स्थापित गुनासो सुनुवाइको संयन्त्रलाई थप प्रभावकारी बनाउन तथा व्यावसायिक संस्थाउपर परेका उजुरीलाई कानुन व्यवसायीसहितको रोहबरमा निःशुल्क कानुनी सेवा प्रदान गर्ने प्रतिबद्धता जनाइएको छ । दूतावासबाट हुने अनावश्यक हस्तक्षेप र झण्झटिलो प्रक्रिया अन्त्यका लागि पहल गर्ने, वैदेशिक रोजगार बोर्डमार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, नेपालस्थित साउदी दूतावामा साउदी आइडी तथा भिसा प्रमाणीकरणमा भएका झण्झटिलो प्रक्रियालाई छिटो छरितो बनाउन पहल गर्ने गेलाल समूहको प्रतिबद्धता छ ।

आन्तरिक व्यवस्थापनतर्फ नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई प्रविधिमैत्री बनाउने, संघको विधानमा व्यवसायी भलाइ कोषको व्यवस्था गरी व्यवसायी र कामदारको हितमा भलाइ कोष स्थापना गर्ने, संघको भवन व्यवस्थापन र क्षेत्रफल विस्तार गरी अत्याधुनिक बनाउने, सातवटै प्रदेशको राजधानीमा संघको शाखा कार्यालय स्थापना गर्ने, सबै प्रदेशमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको तालिम केन्द्र स्थापना गरी अर्धदक्ष तथा दक्ष जनशक्ति उत्पादन गर्नेलगायत प्रतिबद्धताका बुँदाहरू समेटिएका छन् ।

■■■

# समयसँगै फेरिएको नहमीको पूजा विधि

■ विविशा पौडेल

**काठमाडौं–** चैत्र शुक्ल नवमीको दिन, जब सूर्य र चन्द्रमाले एक अर्कोसँग मेलमिलाप गर्दै भविष्यको उज्यालो संकेत गर्दछ, काठमाडौंको गौशालास्थित राममन्दिरको आँगनमा केही भिन्न माहोल थियो । यहाँ न त तामझामको भोज थियो, न त ठूलो जुलुस, तर एक गहिरो आध्यात्मिक अनुभूति थियो । 'नहमी', जुन हिन्दू सांस्कृतिक परम्पराको एउटा महत्त्वपूर्ण हिस्सा हो, यस दिनको विशेषता र परम्परा आज पनि जीवित रहन्छ ।



नहमी एक महत्त्वपूर्ण पर्व हो जसलाई सार्वभौमिक शक्तिको पूजा र आत्मिक शुद्धतासँग जोडिएको मानिन्छ । प्रत्येक वर्षको चैत महिनामा मनाइने यो पर्वलाई देशका विभिन्न मठ, मन्दिर र गुफाहरूमा देवीदेवताका नाममा आराधना तथा शक्ति प्राप्तिका लागि पूजासमेत गरिन्छ । यस अवसरमा पूजाका साथै आफन्ताहरू एकआपसमा मठ मन्दिरमा भेला भएर परम्परालाई जोगाउने प्रयास पनि गरिन्छ ।

नहमी पर्वको इतिहास धेरै पुरानो छ । राजवंशकालमा यस पर्वको विशेष स्थान थियो र यसलाई राजा र जनताको बीच शक्ति र भक्ति प्रदर्शन गर्ने अवसरको रूपमा लिएको पाइन्छ । त्यतिबेला यस पर्वको मुख्य आकर्षण बलि चढाउने र देवी दुर्गालाई प्रसाद अर्पण गर्ने परम्परा भएको किम्वदन्तीहरूमा सुनिन्छ । त्यसबेलाका दिनहरूमा, राजा र मन्त्रीहरू आफैं उपस्थित भएर शक्तिपीठमा बलि अर्पण गर्ने र समाजका सदस्यहरूको बीच एकता बढाउने काम गरेको पाइन्छ । साथै समयसँगै यो परम्परा रूपान्तरण हुँदै गएको छ । पहिले मासु र बलिको स्थान भएकोमा अहिले आध्यात्मिकता र पवित्रताले स्थान लिएको छ । अहिले रामनहमी पूजा र श्रद्धा गरी बलि नचढाई मनको शुद्धता र देवी शक्तिको सम्झनामा आधारित बनेको छ ।

गौशालामा रहेको राममन्दिर, जहाँ प्रत्येक वर्ष नहमीको अवसरमा पूजा र आराधना गरिन्छ, त्यही पूजा गर्न आएकी दीपा कुँवर र सीतादेवी भट्टराई, दुई वृद्ध आमाहरू जसको अनुभव परम्पराको अनुवांशिकता र त्यसको आधुनिक रूपलाई प्रतिध्वनित गर्छ । सीतादेवीले सानोमा देवी देवताका नाममा बलि चढाउने परम्परा रहेको बताइन् । उनी भन्छिन्, 'पहिले त हामी मासुविना पूजा सोच्नै सक्दैनथ्यौं । देवीको पूजा र प्रसाद चढाउँदा बलि दिने चलन थियो । तर समयसँगै यस्ता परम्पराहरूको महत्त्व आध्यात्मिक रूपले बढेको छ ।' आजको नहमी पहिले जस्तो छैन, तर यो पर्व अझै हाम्रो आत्मा शक्तिको प्राप्तिका रूपमा भएको सीतादेवीको भनाइ छ ।

'आज हामी देवीलाई फूल र फल अर्पण गर्छौं, तर अझै पनि यही पर्वमा समाहित भइ आध्यात्मिक ऊर्जा प्राप्त गर्न सक्छौं,' दीपाले भनिन् । दीपा र सीता देवी दुवैका अनुसार अबका समयमा बलि र मासुको आवश्यकता छैन, तर श्रद्धा र मनको शुद्धता सबैभन्दा महत्त्वपूर्ण कुरा भएको उनीहरू बताउँछन् । आध्यात्मिक आस्थामा आधारित पूजा अहिले अधिक स्वीकार्य र व्यावहारिक बनेको उनीहरूको भनाइ छ ।

सीतादेवी भन्छिन्, 'पछिल्लो समय नहमी पर्वलाई केवल एउटा संस्कृतिको रूपमा मात्र नभएर यो हाम्रो आध्यात्मिक यात्राको प्रतीकका रूपमा स्थापित भएको छ ।' त्यसकारण पुराना दिनहरूमा जस्तै आज पनि गौशालास्थित राममन्दिरको आँगनमा पूजा अर्चना, प्रसाद र फूलको अर्पण जस्तै परम्पराले शक्ति, एकता र भक्तिको महत्त्व सिकारहेको उनको भनाइ छ ।

साथै, दीपाले आजको नहमीले समाजको संस्कार र आत्मिक ऊर्जा जोगाउनेमात्र होइन, यसले नयाँ पुस्तालाई परम्पराको गहिराइमा पुग्न र त्यसलाई आधुनिक सन्दर्भमा साकार गर्नका लागि प्रेरित गरेको बताइन् । उनी भन्छिन्, 'समयसँगै परम्पराको रूपान्तरण भए पनि यसको सार र भावना न हराउने र अहिलेका पुस्ताले अनुसरण गर्दै जाने छन् ।'


**साउदीमा रोजगार** कम्पनी : Kolin Construction Tourism Industry And Trading Co.inc.

पूर्व स्वीकृति मिति : २०८१/०९/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२४ LT. No. 316238 चलानी नं. ६०२२२०४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Suttering Carpenter | 10 | 0 | 1300 | ४७,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः धनुषा, जनकपुर, शिभम ट्रेनिङ सेन्टर प्रा.लि. मा मितिः २०८१ चैत ३१ गते (15th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४४३/०७४/०७५

**Golden Gateway Internatioal P. Ltd.**

P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal
Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com



**युएइमा रोजगार** कम्पनी : HAMDAN AL MUTAWA GEN. MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/०५/११ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२४ LT. No. 309483 चलानी नं. ६०२२४२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Shuttering Carpenter | 2 | 0 | 1200 | ४४,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason Gulf Return | 3 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 3 | Steel Fixer (Gulf Experience) | 2 | 0 | 1200 | ४४,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १ गते (14th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com



**युएइमा रोजगार** कम्पनी : GLOBE BUILDING CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२४ LT. No. 316613 चलानी नं. ६०२३०९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 20 | 0 | 1200 | ४४,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 20 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 3 | Steel Fixer | 24 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 4 | Tile Layer | 20 | 0 | 1200 | ४४,४२० | | | | | | | |

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C..

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२४ LT. No. 311716 चलानी नं. ६०२२६२२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 35 | 0 | 900 | ३३,३१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 55 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 3 | Shuttering Carpenter | 55 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 4 | Steel Fixer | 55 | 0 | 1200 | ४४,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १ गते (14th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 948/067/068

**Opus Manpower Pvt. Ltd.** (Mimosa Overseas Pvt.Ltd)

Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256,
Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com




नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई बर्खास्त गर्ने सरकारको निर्णयविरुद्ध आइतबार काठमाडौंमा आयोजित विरोध ¥यालीमा सहभागी । 'कुलमान देशको शान' लगायत नारासहितको प्लेकार्डसहित हजारौंको संख्यामा कुलमानका समर्थकहरू ¥यालीमा सहभागी भएका थिए । *तस्बिरः सञ्चु ब्लोन*

# वरिष्ठ पत्रकार रिसालको निधन

**काठमाडौं (प्रस)**– वरिष्ठ पत्रकार भैरव रिसालको निधन भएको छ । उनको आइतबार साँझ ९७ वर्षको उमेरमा निधन भएको हो ।

मुटु र फोक्सोसम्बन्धी रोगको उपचार गराइरहेका रिसालको बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा उपचारका क्रममा निधन भएको उनका भाइ पुरु रिसालले जानकारी दिए । उनको जन्म १९८५ साउन २९ गते भक्तपुरको तिथलीमा भएको थियो । वरिष्ठ पत्रकार रिसालले यसअघि नै मृत्युपश्चात् आफ्नो शरीर अध्ययनका लागि पाटन अस्पताललाई दिने घोषणा गरेका थिए ।

रिसालले मानवअधिकार सम्बन्धी जगदम्बा श्री र वातावरण संरक्षणसम्बन्धी विभिन्न पुरस्कार प्राप्त गरेका थिए । उनले रेडियो सगरमाथामा लामो समय 'उहिले बाजेका पालामा' रेडियो



शृंखला सञ्चालन गरेका थिए । वामपन्थी विचारधारा बोक्ने रिसाल २०४८ सालको आमनिर्वाचनमा नेपाल मजदुर किसान पार्टीका तर्फबाट भक्तपुरबाट उम्मेदवार बनेका थिए ।

वरिष्ठ पत्रकार रिसालले राष्ट्रिय समाचार समिति (रासस) मा प्रमुख समाचारदाताकोसमेत जिम्मेवारी निर्वाह गरेका थिए । लामो समयदेखि पत्रकारिता र समाजसेवामा समर्पित वरिष्ठ पत्रकार रिसालले राससमा काम गर्नुअघि तथ्यांक विभागमा रहेर काम गरेका थिए । रिसालका 'साधुलाई सुली' (जेल डायरी), 'लोग्नेस्वास्नी', 'केही मित्रका चिठी' कृति र 'भैरव दाइ'लगायत पुस्तक प्रकाशित छन् । उनका श्रीमती, दुई छोरा र दुई छोरी छन् ।


## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/२५**

यस सा व उ स वाट संकलित साल गोलिया काठ ४१७l७० क्यू फिट लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरुलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**सपनकोट सा. वन उपभोक्ता समूह, व्यास ६, तनहुँ**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/१२/२५**

**पाण्डा कन्सल्टेन्ट्स एण्ड कन्सट्रक्सन** को मिति २०८१/१२/१३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पाण्डा ट्रेडर्स एण्ड कन्स्ट्रक्सन (प्रा.लि. नं.: २२७३६२)** कायम गर्ने गरी मिति २०८१/१२/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मितिः २०८१/१२/२५**

यस कम्पनीको मिति २०८१/१२/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रिकनेक्ट एजुकेशन कन्सल्टेन्सी** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **प्राइम पाथ एजुकेशन कन्सल्टेन्सी** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/१९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्राइम पाथ एजुकेशन कन्सल्टेन्सी** (**प्रा.लि.नं.**१६६५९८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।


# साझेदारी वन कार्यान्वयनपछि स्थानीयलाई रोजगारी

**कैलाली (प्रस)**– गौरीगंगा नगरपालिका-९ का आइते भुल बिहानै कामका लागि घरबाट निस्कन्छन् । ज्यालादारी गरेर जीविकोपार्जन गर्ने उनलाई अचेल खाली हात बस्नुपरेको छैन । गौरीगंगा साझेदारी वनमा काम पाएपछि भुल काम गर्नमै व्यस्त छन् ।

उनी भन्छन्, 'एक हप्ताभन्दा बढी भयो काठ दाउरा काट्ने काम पाएको छु, दैनिक एक हजार रूपैयाँ आम्दानी भइरहेको छ ।' घोडाघोडी-८ का रजुल चौधरी पनि आजभोलि साझेदारी वनको काममै व्यस्त छन् । 'खाली बसिरहेको थिएँ, अहिले काठदाउरा काट्ने काम गरिरहेको छु,' उनी भन्छन् ।

आइते र रजुलजस्तै गौरीगंगा साझेदारी वनमा ८० जनाभन्दा बढीले रोजगारी पाएका छन् । काठ काट्नेले दैनिक एक हजार रूपैयाँ आम्दानी गरिरहेका छन् । गौरीगंगा-१० का सागर धामी भन्छन्, 'मासिक तलबमा काम गरे पनि साझेदारी वनको काम सुरु भएपछि दैनिक एक हजारदेखि एक हजार ५०० रूपैयाँसम्म तलबबाहेक आम्दानी गरिरहेको छु ।'

दिगो वन व्यवस्थापन गरी राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउने र वन पैदावार आपूर्ति गर्ने उद्देश्यले २०७८ सालमा उक्त वनको कार्ययोजना स्वीकृत भएको थियो । सोहीअनुरूप साझेदार पक्ष तथा सरोकारवालाको सहभागितामा २०७९ सालमा समूह गठन भएको थियो । तर आन्तरिक विवादका कारण साझेदारी वन कार्यान्वयनमा आउनसकेको थिएन ।

साझेदारी वन कार्यान्वयनमा आएपछि दुई वर्षदेखि तलब नपाएका वन हेरालु पनि तलब पाइन्छ भनेर खुसी छन् । वन हेरालु करणसिं साउद भन्छन्, 'तलब नपाउँदा एकदमै समस्या भोग्नुपऱ्यो । अहिले दुई बच्चालाई राम्रै स्कुलमा पढाइरहेको छु ।' अब भने साझेदारी वनको काम सुरु भएकाले पारिश्रमिक पाउन समस्या नभएको उनले बताए ।

अर्का वन हेरालु सनम चौधरी पनि पारिश्रमिक पाइने खुसीमा छन् । 'साझेदारी वन गठन भएको सुरुका वर्ष पारिश्रमिक पाइयो । त्यसपछि पारिश्रमिक पाउने आशैआशमा दुई वर्ष बित्यो । त्यसअघि विदेश जाऊँ भन्ने सोचाइ आयो,' चौधरीले भने, 'घर नजिकै पाएको काम छाड्न सकिएन । अब भने म खुसी छु ।'

साझेदारी वनमा नौ वन हेरालु, एक कार्यालय सचिव र एक कार्यालय सहयोगी छन् । साझेदारी वन कार्यान्वयनका लागि प्रयास नभएको पनि होइन । आर्थिक वर्ष २०७९/८० मा ५६ हजार १९७.८३ घनफिट काठ र ५९.८२ चट्टा दाउरा संकलनका लागि छपान भएको थियो । आव २०८०/८१ मा एक लाख २३ हजार ६६२.०३ घनफिट काठ र १०८.४७ चट्टा दाउरा संलनका लागि छपान गरिएको थियो । तर आन्तरिक विवादका कारण कार्यान्वयनमा भने आउन नसकेको कार्यालयसचिव डिलबहादुर बोहरा बताउँछन् ।

सचिव बोहराका अनुसार विगतम काम नभए पनि यसपटक भने संकलन सहमतिअनुसार ५४ हजार क्युफिट काठ र ४५ चट्टा दाउरा कटान भइरहेको छ । साझेदारी वन कार्यान्वयनमा नआउँदा सामान्य प्रशासनिक खर्च व्यवस्थापन गर्न समस्या झेल्नुपरेको बोहराले बताए । वडास्तरीय उपभोक्ता भेलाबाट सबै वर्गलाई समेटेर छनोट भएका प्रत्येक वडाका सात-सात जना, साझेदारी वन कार्यान्वयन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडाध्यक्षले तोकेका वडा सदस्य एक, एक जना गौरीगंगा र मोहोन्याल गाउँपालिकाको कार्यपालिकाबाट छनोट भएका प्रतिनिधि गरी जम्मा ५० जना सो वन उपभोक्ता समूहका सदस्य रहने विधानमा छ ।

उक्त वन समूह गठन प्रक्रियाकै बेला विवाद भएको थियो । सुरुमा गठन भएको समिति खारेज भई अर्को समिति गठन गरिएको थियो । यसरी समूह गठन हुँदा आन्तरिक विवाद कायमै रहेको थियो । समूहका सदस्यसचिवको विवादलाई सुल्झाउँदै विभिन्न राजनीतिक दल, सरोकारवाला निकायलगायतसँग छलफल गरी कार्यान्वयनमा ल्याएको गौरीगंगा साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष हिक्मत महताले बताए । आगोले जलेर सडेर जाने काठको सदुपयोग गर्दै स्थानीय उपभोक्ताको आपूर्ति पूरा हुने अर्का सदस्य मोहन विक बताउँछन् । नगरपालिकाको ४, ५, ७, ८, ९ र मोहोन्याल गाउँपालिकाको पाँच नम्बर वडालाई समेटेर गौरीगंगा साझेदारी वन बनाइएको हो । तीन हजार २०.४६ हेक्टर क्षेत्रफल रहेको साझेदारी वनका छ हजार ३२६ घरधुरी उपभोक्ता छन् ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
**सडक डिभिजन चरिकोट**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८१/१२/२५

यस कार्यालयको मिति २०८१/११/०४ को सौर्य राष्ट्रिय दैनिक र मिति २०८१/११/१८ को नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०९-०८१/८२ र १०-०८१/८२ अनुसार तपसिल बमोजिमका निर्माण व्यबसायीहरुको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | स्वीकृतका लागि छनोट भएका बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर र पी.एस सहित) |
|---|---|---|---|
| 1 | RDCHT/33701169/ 081/ 82-52 | GSC/Bhadrakali JV,Sindhuli | 40040752.25 |
| 2 | RDCHT/33701169/ 081/ 82-53 | GSC ShreeKrishna Nirman Sewa Pvt.Ltd., Sindhuli | 23285791.74 |
| 3 | RDCHT/33701169/ 081/ 82-54 | Prajil Construction Pvt. Ltd., Lalitpur | 22929546.05 |
| 4 | RDCHT/33701138/ 081/ 82-60 | Dimun Construction & Suppliers PVT LTD, Dolakha | 11635379.00 |
| 5 | RDCHT/337310113/ 081/82-64 | Bir Bhakta-Lani Dinee JV, Sindhupalchowk | 2439405.10 |
| 6 | RDCHT/33701138/ 081/82-65 | Baiteshwor Nirman Sewa,Dolakha | 2342417.55 |

**डिभिजन प्रमुख**



## श्री पञ्चायत माध्यमिक विद्यालय

**(प्राविधिक धार सञ्चालन अनुमति प्राप्त**
**पथरीशनिश्चरे-१ मोरङ**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८१/१२/२५**

प्रस्तुत विषयमा पथरी शनिश्चरे नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८१/११/१७ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आह्वानको सूचना बमोजिम उल्लेखित म्यादभित्र पेश भएका वोलपत्रहरुको मूल्यांकन हुँदा देहाय बमोजिमको वोलपत्र प्रस्ताव सारभूतरुपमा प्रभावग्राही ठहरी स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि नं. | ठेक्का नं | कामको विवरण | छनौट भएको वोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क (भ्याट र पि एस सहित) |
|---|---|---|---|---|
| 1. | PSS/NCB/ WORKS/ 2081/082-01 | Construction of First Floor Of Multi-Proposed Building of Panchayat MA VI | श्री ठाकुर कन्स्ट्रक्सन, ईनरुवा-०२, सुनसरी | रु ६७,१८,११५।८२ |
| 2 | PSS/NCB/ WORKS/ 2081/082-02 | Construction of Boundary Wall in Panchayat Ma Vi | श्री ठाकुर कन्स्ट्रक्सन, ईनरुवा-०२, सुनसरी | रु २६,३८,९२२।०३ |

**प्रधानाध्यापक**



**मधेश प्रदेश सरकार**
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**

## सामाजिक विकास इकाई

**राजविराज सप्तरी,**

## करारमा जनशक्ति भर्ना सम्बन्धी सूचना स्थगित सम्बन्धमा

**सूचना प्रकाशित मिति २०८१/१२/२५**

प्रस्तुत विषयमा मिति २०८१ र १२ र १२ गते प सं ०८१/०८२, च.नं ०१ बाट यस इकाई कार्यालयको स्वीकृत दरबन्दीमा योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र (२०८१/१२/२७) ४:०० बजेसम्म यस इकाई कार्यालयमा रिक्तपुर्वक दरखास्त सहित यस कार्यालयमा उपस्थित भई आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएकोमा भुलवश उक्त सूचनामा सूचना प्रकाशित मितिः २०८०/१२/१२ हुन गएको छ साथै मिति २०८१/१२/१९ गते प्रभाव दैनिक र मधेश दृष्टि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भए अनुसार सूचना प्रकाशित मिति २०८१/१२/१९ गते रहेको देखिन्छ । तसर्थ यस इकाई कार्यालयबाट मिति २०८१/१२/१२ जारी गरिएको करारमा जनशक्ति भर्ना सम्बन्धि सूचना कानुनी रूपले त्रुटिपूर्ण र अन्यौलता सृजना हुन गएकोमा अर्को सूचना जारी नहुन्जेलसम्मका लागि सो करारमा जनशक्ति भर्ना सम्बन्धी सूचना स्थगित गरिएको जानकारी सबै सरोकारवाला पक्षलाई गराइन्छ ।

**सुशिल कुमार झा**
**इकाई प्रमुख**



## श्री नेपाली सैनिक प्रतिष्ठान

**खरिपाटी भक्तपुर**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना नं.२०८१/८२/०१**

***सूचना प्रकाशन मिति २०८१/१२/२५ गते***

आ.व.०८१/८२ मा यस प्रतिष्ठानमा खानेपानी संरचना निर्णाण कार्य गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । सिलबन्दी दरभाउपत्रको विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np/egp मा समेत राखिएको छ । निर्माण कार्यको लागि ईच्छुक योग्य दरभाउपत्र दाताहरूले e–GP System को माध्यमबाट सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सिलबन्दी दरभाउ पत्रको विवरण**

| सि.नं. | ठेक्का नं. | कार्यक्रमको विवरण | लागत अनुमान |
|---|---|---|---|
| १. | NA/NMA/081/82/01 | खानेपानीसँग सम्बन्धित संरचना निर्माण | १४,९५,०००.३२ |



**डिभिजन वन कार्यालय**
**वीरगञ्ज, पर्सा**

## विधुतिय माध्यम (e-bidding) बाट सिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान सम्बन्धी सूचना

**(सिलबन्दी दरभाउपत्र तेस्रो पटक प्रकाशित मितिः २०८१/१२/२५)**
**(बोलपत्र प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२५)**

यस कार्यालयबाट तपशिल बमोजिमका निर्माण कार्य गर्न इच्छुक फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरूको अधिनमा रहि रितपूर्वकको सिलबन्दी दरभाउपत्र तथा बोलपत्र विधुतिय माध्यम (e-bidding) मार्फत पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याटबाहेक) | धरौटी रकम | दस्तुर |
|---|---|---|---|---|---|
| 1. | DFOP/NCB/ WORKS/ 2081/082-01 | Construction of Gate and Boundary wall in Mato Park, Pokhariya Municipality ward no. 08 & 09, Parsa | 85,50,839.39 | 2,25,000.00 | 3,000.00 |
| 2. | DFOP/SQ/ WORKS/ 2081/082/01 | Installation of fencing work & Gate Construction, Sub-division Forest office, Rangpurtadi, Parsa | 17,09,057.52 | 50,000.00 | 1,000.00 |

१. सिलबन्दी दरभाउपत्र तथा बोलपत्र सम्बन्धी शर्तहरू दरभाउपत्र तथा बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ ।
२. यस सम्बन्धी विस्तृत विवरणको लागि www.bolpatra.gov.np/egp वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
३. बोलपत्र खरिदको हकमा सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र, दाखिला गर्ने ३१ औं दिनको १२:०० बजे सम्म र खोल्ने ३१ औं दिनको १४:०० बजे डिभिजन वन कार्यालयमा हुनेछ ।
४. सिलबन्दी दरभाउपत्र खरिदको हकमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र, दाखिला गर्ने १६ औं दिनको १२:०० बजे सम्म र खोल्ने १६ औं दिनको १४:०० बजे डिभिजन वन कार्यालयमा हुनेछ ।
५. सिलबन्दी दरभाउपत्र तथा बोलपत्र फारामसाथ नगद बैंक ग्यारेन्टीवापत तोकिएको रकम प्रदेश लेखा इकाई कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, वीरगन्ज पर्सा स्थित धरौटी खाता नं. १२५०१००२०२०३०००० मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरूबाट दरभाउपत्रको हकमा दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ औ दिन र बोलपत्रको हकम १२० दिन म्याद भएको यस कार्यालयको कोड नं. ३२९०३२२०१२ को नाममा जारि भएको विडवण्ड संलग्न गर्नु पर्नेछ ।
६. सिलबन्दी दरभाउपत्र तथा बोलपत्र फाराम खरिदका लागि तोकिएको रकम राजश्व शिर्षक नं. १४२२९ मा प्रदेश लेखा इकाई कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, वीरगन्ज पर्सास्थित राजस्व खाता नं. १२५०१००२०२०१०००० मा जम्मा गरी सक्कलै बैंक भौचर जम्मा गरी सो को बैंक भौचर समावेश हुनुपर्ने छ ।
७. अन्य शर्तहरू सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

**डिभिजनल वन अधिकृत**



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३३९४० चैत २३ गते २०८१ मा प्रकाशित **Ali Overseas Pvt. Ltd.** को Lot No. 321523 को Snaps Technical Services Llc कम्पनीको विज्ञापनमा building painter (wall Painter) को मासिक तलब रु AED 1200/- हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

ALI OVERSEAS PVT. LTD. Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### हाम्रो होइन राम्रो गभर्नर नियुक्त गर

नेपाल राष्ट्र बैंकको गभर्नर पद आइतबारबाट रिक्त भएको छ । सरकारले नयाँ गभर्नर बेलैमा छान्न नसक्दा उक्त पद रिक्त भएको हो । गभर्नर कसलाई बनाउने भन्ने विषयमा सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसबीच रस्साकस्सी बढेको सुनिन्छ । सामान्यतः पुरानो गभर्नर बिदा हुनुभन्दा एक महिनाअघि नै सरकारले नयाँ गभर्नर नियुक्त गर्नुपर्ने हो । तर ठूला दुई पार्टी मिलेर बनेको सरकारले यो काम गर्न सकेन ।

आइतबारबाट बिदा भएका गभर्नर महाप्रसाद अधिकारी विभिन्न कारण विवादमा तानिए । केपी शर्मा ओली प्रधानमन्त्री र डा. युवराज खतिवडा अर्थमन्त्री रहेका बेला गभर्नर भएका उनी एमालेको अर्थ विभागको सदस्यसम्म भएको सार्वजनिक भयो । त्यतिबेला उनको नाम छोटकरीमा 'एम अधिकारी' राखिएको थियो । उक्त खबर पुष्टि नभए पनि धेरैले एम अधिकारी गभर्नर महाप्रसाद नै भएको ठोकुवा गरे । यो विषय विवादकै गर्भमा रहेको छ ।

यद्यपि अधिकारीको कार्यकाल विभिन्न कारण विवादमा रह्यो । कांग्रेसबाट अर्थमन्त्री बनेका डा. प्रकाशशरण महतलाई सहयोग नगरेको, देशको आर्थिक अवस्थाबारे सही सूचना नदिएको, देशको अर्थतन्त्र 'ग्रे लिस्ट'मा परेकोदेखि आर्थिक अवस्था नाजुक भएकोसम्मका विषय अधिकारीको पालामा भए । यसले पनि प्रस्ट पार्छ गभर्नर कुनै पार्टीको कार्यकर्ता भएमा देशको अर्थतन्त्रमा कति ठूलो असर पर्छ भनेर ।

तर यसपटक सत्तारुढ दल विशेषगरी नेपाली कांग्रेस जसरी पनि आफ्नो मान्छेलाई राष्ट्र बैंकको नेतृत्व दिन चाहेको देखिन्छ । यो विषयमा कांग्रेस सभापति शेरबहादुर देउवाले अरु नेताहरूमार्फत आफ्नो रुचि प्रकट गरिरहेका छन् । कांग्रेस महामन्त्री गगन थापा, नेता डा. शेखर कोइरालादेखि अरु नेताले गभर्नरमा कांग्रेसले दाबी गर्नुपर्ने माग गरिरहेका छन् । सही अर्थनीतिका लागि कांग्रेसले रोजेकै गभर्नरले सही काम गर्लान् भन्ने के ग्यारेण्टी ?

सक्षम र राम्रा मान्छेलाई राष्ट्र बैंकको नेतृत्वमा ल्याउने साहस सरकारले गर्नुपर्छ । गभर्नर आफूले राख्न कांग्रेसले प्रमुख निर्वाचन आयुक्त एमालेलाई दिने भन्नेसम्मको भागबण्डा गरेको पनि चर्चा छ । तर यस्तो लेनदेन र भागबण्डाले नै हो नीतिगतरूपमा जनताको नजरमा सरकार गिर्दै जाने । त्यसैले बेलैमा विचार पुऱ्याऊ– हाम्रोलाई होइन, राम्रोलाई गभर्नर बनाऊ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

**यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:**

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# असीमित स्रोतको उचित व्यवस्थापनबाटै जुर्मुराउन सक्छ पर्यटन



■ दीपकराज जोशी

> नेपालको समस्या खर्चालु पर्यटकमा पहुँच नपुग्नु, गन्तव्यको प्रवर्द्धन हुन नसक्नु र अन्तर्राष्ट्रिय बजारसम्म हामी पुग्न नसक्नु नै हो । यसले गर्दा हामीले पाउनुपर्ने प्रतिफल पाइरहेका छैनौं । यसका राम्रो होमवर्क नै नपुगेको हो । यसका लागि राज्यले पूर्वाधार छिटोभन्दा छिटो सुधार गर्ने, अध्यामनको भिसा सहजीकरण गर्ने, भएकै अन्तर्राष्ट्रिय विमानस्थल थप प्रभावकारी बनाउनुपर्छ । अहिले काठमाडौँसँगै इन्सेन्टिभ दिएरै भए पनि भैरहवामा चहलपहल देखिन थालेको छ । भएकै अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र पोखरा सञ्चालन दीर्घकालीन रूपसम्ममा हुनेगरी जानुपर्छ ।

पर्यटन व्यवसायमा निजी क्षेत्र प्रत्यक्ष रूपमा लागेको ६५ वर्षभन्दा बढी भइसकेको छ । विगत छ दशकको अवस्थालाई हेर्ने हो भने पनि राज्यको अग्रसरता र उत्सुकताभन्दा निजी क्षेत्रको संलग्नता यसमा बढी देखिन्छ । लामो समयसम्म पर्यटन भनेकै विदेशी पर्यटकमा निर्भर रहेको नेपालको पर्यटन पछिल्लो कालखण्डमा भने विदेशीमात्र नभएर आन्तरिक पर्यटन पनि उदीयमान विधा भएको छ ।

नेपालमा विदेशी पर्यटकको आकर्षण बढ्दै जानु र विस्तारै नेपाल रोजाइमा पर्नुलाई लामो हवाई दूरी (लङ हउल)बाटै भएको देखिन्छ । नेपालमा पर्यटनको सुरुआत पनि लामो दूरीका गन्तव्यबाट आउने पर्यटकबाट बढी जोड दिएरै भएको देखिन्छ । यसका लागि नेपालमा विभिन्न अन्तर्राष्ट्रिय व्यक्तित्व नेपाल आएको देखिन्छ । ती पर्यटकले पुस्तकमार्फत, स्टोरी, विभिन्न प्रकारका रेकर्डबाट नै नेपाललाई चिनाएको पाइन्छ । जसले नेपालप्रतिको आकर्षण बढेको र नेपाल अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने काम भएको पाइन्छ । जसको फलस्वरूप नेपालमा विदेशी पर्यटक बढ्दै जान थालेको हो ।

## निजी अगाडि, राज्य पछाडि

पर्यटकहरू आउन थालेपछि हामीले पनि निजी क्षेत्रसहितबाट सेवा दिन थालेका छौं । अहिलेको अवस्थामा पर्यटनको विभिन्न कम्पोनेन्टमार्फत प्रवर्द्धन भइरहेको छ । पर्यटक आइसकेपछि उनीहरूलाई सेवा दिने काम अर्को महत्त्वपूर्ण काम हो । हामीले पर्यटकलाई सेवा दिने काम होटल, होमस्टे, ट्रेकिङ, ट्राभलसहितबाट गरिरहेकै छौं । सरकारले पर्यटन विकास र प्रवर्द्धनकै लागि विभिन्न निकाय गठन गरेका पनि छ । पर्यटन बोर्ड, विभिन्न पर्यटनका विइङ्सहरू र तारागाउँ पर्यटन विकास समितिसहितबाट पनि सेवा प्रवाह भएको पाइन्छ ।

पर्यटकलाई आकर्षित गर्ने र सेवा प्रभावकारी दिने भनेर राज्यले नै सुरु गरेका निकायबाट भने सुरुआती वर्षहरूमा काम गर्न खोजेको जस्तो देखिए पनि आजका दिनमा ती निकाय खासै भिजिबल हुन सकेका छैनन् । निजी क्षेत्रको दबाब होस् वा सरकारी संयन्त्रले काम अब्बल हुन नसक्दा होस् । आखिरीमा सरकारले पर्यटकीय सेवा र सुविधाका लागि सुरुआत भएका सरकारी निकाय कमजोर हुँदाको घाटा समग्र पर्यटन क्षेत्रलाई भइरहेको छ ।

पछिल्लो समय पर्यटन क्षेत्रमा काम गर्ने संस्थागत हिसावले हेर्ने हो भने निजी क्षेत्रको सक्रियता बढ्दै गएको देखिन्छ । ट्रेकिङ, ट्राभल, एयरलाइन्स, होटल, पर्वतारोहणसहितका संस्थाहरूको योगदान उल्लेख्य देखिन्छ । कतिपय पर्यटनमा सक्रिय संस्थाहरू पर्यटन मन्त्रालय स्थापना हुनुभन्दा पनि अगाडि स्थापना भएका र सेवा दिन थालेका पनि छन् । ती संस्थासँग सरकारी निकायको उपस्थिति जोडेर हेर्ने हो भने निजी क्षेत्र अलि बढी आक्रामक छ भने सरकारी प्रक्रिया सुस्त देखिन्छ ।

## नीतिगत उदारताको प्रतिफल

नेपालमा सन् १९७० को दशकपछि पर्यटनको महत्त्व देखेर सरकारले नै सहजीकरण गर्न थालेको र पर्यटन मन्त्रालय स्थापना गरेर सन् १९७२ मा पर्यटनको गुरु योजनासमेत बनेको देखिन्छ । सरकारले पर्यटनमा दक्ष जनशक्ति उत्पादन गर्ने भनेर नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)को सुरुआत गर्नेदेखि पर्यटन विभाग स्थापना गरेर नियमनको भूमिका खेल्न थालेसम्मको अवस्थालाई अहिले जोडेर हेर्ने हो भने राज्यले सक्रियता देखाउन खोजको मात्रै देखिन्छ । पर्यटकीय संस्थालाई इजाजतपत्र दिने र नियमन गर्ने भन्ने सैद्धान्तिक विषयमा सरकारी क्षेत्रको भूमिका देखिन्छ त्यसको प्रभावकारी र निरन्तरता अर्को पाटो मानिएको छ ।

पूर्वाधार विकासमा पनि सरकारले निजी क्षेत्रमैत्री र खुला अर्थतन्त्रको नीति लिएर हवाई यातायात, पर्यटन यातायातसहित विभिन्न क्षेत्रमा निजी क्षेत्रको लगानी खुला गरिदिएको छ । यसले निजी क्षेत्रको अपनत्व बढेको छ भने सरकारले गर्ने सहयोगको दायरासमेत बढेको देखिन्छ । पछिल्लो दिनमा सरकारले नीतिगत क्षेत्रमा गर्नुपर्ने काममा राम्रो गरिदिएको कारणले पनि पर्यटन क्षेत्रको विकासमा सहजता पक्कै भएको महसुस गर्न सकिन्छ । राज्यले पर्यटन विकास र सहजीकरणमा गरेको प्रयासअन्तर्गत छुट्टै पर्यटक प्रहरी, हरियो प्लेटका सवारीको व्यवस्था, पर्यटनका लागि गुणस्तरीय सेवा दिने पर्यटकीय संस्थाले विदेशबाट ल्याउने सामानमा कर छुट, पर्यटकीय सवारी किन्दा दिने छुटसहितको काम निकै सरहानीय छ ।

सरकारले क्षेत्रगत सुधारका लागिसमेत कम गरेको छ । सरकारले नेपालको पर्यटन क्षेत्रको विकासका लागि क्षेत्रगत रूपमा पर्यटकीय महत्त्व पक्कै दिएको छ । पर्यटनको विकास तथा सहजीकरणका लागि छुट्टाछुट्टै क्षेत्रलाई समेटेर नीतिगत व्यवस्थासमेत गरेको छ । पछिल्लो दिनमा हामीले हेर्ने हो भने नेपाललाई पर्यटकीय गन्तव्यको रूपमा प्रवर्द्धन गर्ने र साझेदारीका हिसावलेसमेत सक्रिय भूमिका खेल्ने भनेर नै नेपाल पर्यटन बोर्ड स्थापना भएको देखिन्छ ।

सरकारले गर्न खोजेको काम जति अग्रसरता लिएर गरेको देखिन्छ त्यसलाई राज्यले बनाउने पूर्वाधार भएन भने भएकै पर्यटकीय गतिविधिका कामसमेत देखिँदैनन् । राज्यले अहिले पनि पर्यटन पूर्वाधारमा उच्च प्राथमिकता नदिएको भन्ने गुनासो आइ नै रहेका छन् । यसका लागि राज्यले पूर्वाधार निर्माणमै महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ । त्यसो त निजी क्षेत्रको अपेक्षा अनुसारको पूर्वाधार विकास र गन्तव्य प्रवर्द्धन भने पक्कै हुन सकेको छैन । यसका लागि राज्यको प्रशासनिक तथा राजनीतिक दुवै तहले काम गर्नुपर्ने हुन्छ । पर्यटनको बारेमा बुझाइमात्रै राम्रो भएर पक्कै हुँदैन । अस्थिर सरकार, कर्मचारीको छिटोछिटो सरुवा हुने, आवश्यकता अनुसारको गन्तव्य विकास र प्रवर्द्धनको पाटोमा अझै धेरै कमजोरी छ ।

## कमजोर पूर्वाधारको मारमा पर्यटन

राज्यले अगाडि बढाएका धेरै पूर्वाधारका कार्यक्रम राम्रोसँग अगाडि बढ्न सकेका छैनन् । राष्ट्रिय गौरवकै आयोजनाको सूचीमा हेर्ने हो भने दुई दर्जन आयोजनामध्ये पाँच/सातवटा त पर्यटन मन्त्रालयअन्तर्गतकै पर्यटकीय पूर्वाधार बनाउने भन्ने खालका छन् । यी आयोजनालाई द्रुत गतिमा काम गर्ने जिम्मेवारी राज्यले लिनुपर्ने हुन्छ । यस्ता आयोजना कार्यान्वयनतर्फ बढी जोड दिनुपर्छ । अस्थिर भएका आयोजनालाई स्थिरतातर्फ लैजाने र सक्रिय बनाएर बढीभन्दा बढी प्रतिफलमुखी बनाउँदै कार्यान्वयनतर्फ नै जोड दिनुपर्ने हुन्छ । यस्ता आयोजनाको गम्भीर छलफल गर्ने, प्रभावकारिता र प्रतिफलका निम्ति अलि बढी जोड दिने हो भने पक्कै यसको नतिजा राम्रो आउँछ ।

पर्यटन भनेको प्राविधिक विषय पनि हो । पर्यटनका कतिपय आयोजना विकास गरेर निजी क्षेत्रलाई नै दिनुपर्ने छ भने कतिपय काम राज्यकै आग्रसरतामा मात्रै हुनुपर्ने छ । यस्ता विषयमासमेत गम्भीरताका साथ लाग्नुपर्ने हुन्छ । अहिले कतिपय पर्यटनका गतिविधि प्रभावकारी हुन सकेका छैनन् भने यसलाई गतिशीलसमेत बनाउन नसकिएको देखिन्छ ।

पर्यटन क्षेत्रमा प्रशस्त संघ संस्था त छन् तर पर्यटनको बारेमा गम्भीर भएर लाग्नेचाहिँ कम भए । जति संघ संस्थाले काम गरेका छन्, तिनीहरूबाट प्रभावकारी नतिजा देखिएको छैन । यसको कारण पर्यटनको बारेमा नबुझ्ने र काम गर्छु भन्ने नेतृत्वलाई पनि सरकारी तहबाट हुनुपर्ने सपोर्ट कम भइरहेको देखिन्छ । नीतिगत पक्ष फितलो हुनु र सरकारी नेतृत्वकर्ताको परिवर्तन छिटोछिटो हुनुले पनि पर्यटन क्षेत्रको विकास, प्रवर्द्धन र प्रतिफल अपेक्षाअनुसारको हुन पक्कै नसकेकै हो ।

## रणनीतिक योजनाका असफलताको पाठ

लामो समयसम्म प्रभावकारी काम हुन नसक्नुमा सरकारी कमजोरी पक्कै छ । यसअघि सन् २०११ को पर्यटन वर्ष सकिन नपाउँदै भिजन २०२०, २०१६-२५ का लागि पर्यटन विकासको रणनीतिक योजना, २०२३-३० को पर्यटन दशक, पाँच/पाँच वर्षे आवधिक योजना पनि तय भएकै थिए । तर, ती तय भएका योजना र कार्यक्रम तथा पर्यटनमा दीर्घकालीन काम गर्ने भनेर आएको योजनाको कार्यान्वयन पक्ष भने फितलो बन्यो । पर्यटन मन्त्रालयअन्तर्गत बन्ने योजना र पर्यटनका विभिन्न निकायले बनाउने योजनाले प्रभावकारी कामै गर्न नसक्नु, भएका नेतृत्वसँग पुरानो विषयवस्तुको जानकारी नहुने र जानकारी लिनेभन्दा आफैं नयाँ योजना बनाएर जान खोज्ने अभ्यास प्रशस्त छ । यस्ता अभ्यासले भएकै योजना पूरा नहुने र नयाँले पनि प्रभावकारी काम गर्न सकेको छैन । एउटा भिजनअनुसारको कार्यक्रम बन्छ तर त्यसलाई कार्यान्वयन गर्ने बेला राजनीतिक नेतृत्व परिवर्तन भइसक्छ । जसका कारण त्यो कार्यक्रमको कार्यान्वयन गर्ने पक्ष निकै कमजोर भइरहेको छ ।

आजको दिनमा हाम्रो पर्यटनको दिशाविहीन हुनुको कारण पनि राजनीतिक अस्थिरतादेखि भएकै योजनाका प्रभावकारी कार्यान्वयन नभएर भएको हो । नेपालको पर्यटन अब कता जाने ? कस्ता निकायसँग वास्तविक समन्वय गर्ने भन्ने विषय नै 'डिरेल' भएको अवस्था छ । यसलाई छिटो ट्र्याकमा ल्याउनुपर्छ । एकैपटक धेरै कम गर्नुपर्छ भन्ने होइन, काम कम गरौं तर त्यसलाई वास्तविक र मूर्त रूप दिनुपर्छ भन्ने हुनुपर्छ । पर्यटन प्रवर्द्धनको कामलाई राम्रोसँग गर्ने, पूर्वतयारी गर्ने र प्रशस्त गृहकार्य गरेरमात्रै अगाडि बढ्ने हो भने पर्यटनलाई हामीले भनेजस्तै अथाहा सम्भावना भएको क्षेत्र हो भनेर पुष्टि गर्न सकिन्छ । नेपालका लागि पर्यटनले जति दिने दीर्घकालीन लाभ दिने अरु क्षेत्र नै हुन छैन र हुन पनि सक्दैन ।

प्रभावकारी पर्यटन विकासका लागि र प्रतिफलमुखी काम गर्न यसअघि आएका कार्यक्रमभन्दा पर्यटन प्राथमकिताका दशकको रूपमा नयाँ कार्यक्रम ल्याउनुपर्छ । पर्यटन प्राथमिकताका दशकमा के गर्ने भन्ने विषय पक्कै पहिल्याउनुपर्छ । पर्यटन पूर्वाधारमा राज्यले गर्ने लगानी, निजी क्षेत्रले गर्ने लगानी, पर्यटक भित्र्याउने लक्ष्य, त्यसका लागि आवश्यक जनशक्तिसहितका विषयलाई अहिले नै निर्क्योल गरेर अगाडि बढ्नुपर्छ । कति होटल चाहिन्छ, कति ट्राभल, ट्रेकिङ, टुर गाइड अबको दशकमा आवश्यक छ भन्ने आकलन गरेर अहिले नै तयारी गरेर जान सकिन्छ । यसका लागि पक्कै राज्य संयन्त्रकै सक्रियता चाहिन्छ भने निजी क्षेत्र त मुख्य साझेदार भइहाल्यो । पर्यटकीय क्षमता र त्यसलाई प्रवर्द्धन गर्ने कार्यक्रम पनि तय गरेर जान सकिन्छ । कार्यक्रम ल्याउने तर त्यसको अपनत्व राज्य वा निजी क्षेत्र कसैले पनि नलिनेचाहिँ हुनु भएन ।

## पर्यटनमा अबको बाटो

पर्यटनमा संग्लग्नताको हिसावले काम गर्ने रफ्तार पक्कै देखिन्छ । बजेट पनि खर्च भइरहेको छ । तर हामीलाई चाहिने कार्यक्रममा बजेट खर्च भएन, गन्तव्य विकासको कार्यक्रम भएन । आगामी वर्ष भित्र्याउने पर्यटक र त्यसका लागि गर्ने प्रवर्द्धनको काम हुनुपर्छ । नेपालका लागि वास्तवमा भन्ने हो भने राज्य तथा निजी क्षेत्रले भएकै गन्तव्यको विकास र प्रवर्द्धनमा मात्रै लगानी गरे पुग्छ । भएकै गन्तव्यको विकास गर्ने हो भने पनि अबको कम्तीमा २० वर्षका लागि नयाँ गन्तव्य खोजिरहनुपर्ने छैन । जे छ त्यही गन्तव्यको विकास गर्ने र प्रवर्द्धन गर्ने हो भने पनि हामीसँग अहिलेकै पर्यटन गन्तव्य यथेष्ट छन् । तर, हामीकोमा भएका गन्तव्य जुन अन्तर्राष्ट्रियस्तरका छैनन् त्यतातर्फ ध्यान गएको छैन भने नयाँ गन्तव्य पनि प्रवर्द्धन गर्न सकिरहेका छैनौं । यसैका लागि हामीले राम्रो होमवर्क गर्ने, सही टीम छनोट गर्ने र फोकस भएर काम गर्ने हो भने तीनदेखि पाँच वर्षमै भिजिबल चेन्ज पर्यटनमा ल्याउन पक्का सकिन्छ ।

पर्यटनमा काम गर्ने निश्चित संस्थाहरूको निश्चित दायित्व हुन्छ । त्यो अनुसार संस्थागत काम हुन नसक्दा पर्यटन बोर्डले पूर्वाधार विकास गरिदेओस् अनि प्रवर्द्धन पनि गर्छ भन्ने भइरहेको छ । तर, साना पूर्वाधार विकास गर्ने काममा अल्झनुभन्दा दीर्घकालीन महत्त्वका काम गरेर जानु उपयुक्त हुन्छ । त्यसका लागि पर्यटन मन्त्रालयअन्तर्गतका निकायलाई पुनरावलोकन गर्दै पनि गर्नुपर्छ । मन्त्रालयभित्र पर्यटन, संस्कृति र उड्डयनका निकाय छन् । यी निकायहरूको कामको मात्रै रिभ्यू गर्ने र टार्गेटसहितको जिम्मवारी दिनेमात्रै हो भने पनि पक्कै नतिजामुखी काम छोटो समयमा नै देखाउन सकिन्छ ।

अहिले त पर्यटन मन्त्रालयका केही महाशाखा, पर्यटन मन्त्रालय, बोर्ड र निजी क्षेत्रका कामसमेत दोहोरोपना हुने गरेको छ । त्यसलाई पनि पुनरावलोकन गरेर नजितामुखी बनाउनेगरी पक्कै जिम्मेवारी दिनुपर्छ । पर्यटन विकास गर्दा निजी क्षेत्रलाई छोडेर जान भने सकिँदैन ।

निजी क्षेत्रसँग जोडिएकै कारण नेपालको पर्यटन अहिलेको अवस्थासम्म आइपुगेको हो । निजी क्षेत्रको पर्यटन विकासमा पक्कै सरहानीय यो योगदान छ । अहिले जे जति पर्यटन आगमनको नतिजा देखेका छौं, त्यो सरकारले निजी क्षेत्रलाई गरेको समर्थनकै कारणले भएको हो । छोटो समयमा नै प्रतिफल हासिल गरेर जान राज्य र निजी क्षेत्रकै सहकार्य चाहिन्छ । राज्यले निजी क्षेत्रले गरेको मागलाई पक्कै पूरा गर्दै आएको छ । राज्यले पर्यटन विकासका लागि जति अपेक्षा गरेको छ र निजी क्षेत्रले दिनसक्ने योगदान जति छ त्यो पक्कै कम भएको भने हुनसक्छ । अन्तर्राष्ट्रिय सफल अभ्यासलाई निजी क्षेत्रले पनि जोड्दै जाने र अपेक्षाकृत उपलब्धि हासिल गर्दै जान नसक्नु अपेक्षाअनुसारको नतिजा नपाउनु पनि हुन सक्छ ।

निजी क्षेत्र जति सक्रिय भएको छ त्यति लाभ पाउन सकेको अवस्था पनि देखिँदैन । अहिले हामीसँग जे जति पर्यटकीय गन्तव्य र आगमन छ त्यसले गरेको खर्च सन्तोषजनक छैन । अहिले विदेशी पर्यटकले गर्ने दैनिक खर्च ४०/४५ डलर प्रतिदिनमा मात्रै सीमित छ । हामीसँग भएको गन्तव्य र क्षमताको हिसावले हेर्ने हो भने यो खर्च निकै कम हो । भएकै गन्तव्यबाट बढी लाभ लिन सक्ने, होटलहरूले प्रिमियम चार्ज लिने अवस्था छैन ।

नेपालको समस्या खर्चालु पर्यटक (हाइइण्ड टुरिस्ट)मा पहुँच नपुग्नु, गन्तव्यको प्रवर्द्धन हुन नसक्नु र अन्तर्राष्ट्रिय बजारसम्म हामी पुग्न नसक्नु नै हो । यसले गर्दा हामीले पाउनुपर्ने प्रतिफल पाइरहेका छैनौं । यसका राम्रो होमवर्क नै नपुगेको हो । यसका लागि राज्यले पूर्वाधार छिटोभन्दा छिटो सुधार गर्ने, अध्यामनको भिसा सहजीकरण गर्ने, भएकै अन्तर्राष्ट्रिय विमानस्थल थप प्रभावकारी बनाउनुपर्छ । अहिले काठमाडौंसँगै इन्सेन्टिभ दिएरै भए पनि भैरहवामा चहलपहल देखिन थालेको छ । भएकै अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र पोखरा सञ्चालन दीर्घकालीन रूपसम्ममा हुनेगरी जानुपर्छ । राज्यले नीतिगत व्यवस्था हेरिदिनुपर्छ भने निजी क्षेत्रको प्रवर्द्धनमा राज्यले भूमिका खेलिदिन सक्छ । यसका लागि निजी क्षेत्रले गतिविधि सिर्जनामा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । नयाँ सन्देशसहित अन्तर्राष्ट्रिय क्षेत्रमा जाने हो भने खासै समस्या पनि छैन र सम्भावना पनि ज्यादा छ । त्यसले राज्य र निजी क्षेत्र दुवैलाई राम्रो प्रतिफल दिन्छ ।

अहिलेकै अवस्थाको पूर्वाधार र क्षमताबाट पनि नेपालले गुणस्तरीय पर्यटक भित्र्याउन सक्छ । गुणस्तरीय पर्यटक भित्र्याउने मामलामा एउटा पक्ष भुटानको जस्तो राज्य नियन्त्रित पर्यटकको अपेक्षामा छन् भने अर्को पक्ष युरोपको जस्तो बिजनेसमा राम्रो होल्ड गर्न निजी क्षेत्रको राम्रो उपस्थिति छ । त्यसले गर्दा गुणस्तरीय पर्यटक भित्र्याउन सकिएको छ । त्यसैले हामीले पनि अस्वस्थ प्रतिस्पर्धा गर्ने नभएर स्वस्थ प्रतिस्पर्धा नै बढाउनुपर्ने हुन्छ ।

*(नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख जोशीको यो लेख नेपाल आर्थिक पत्रकार समाज 'सेजन'द्वारा प्रकाशित 'अर्थनीति'बाट साभार गरिएको हो)*



**कलशमा जल ल्याइँदै** | धनुषाको कमला नगरपालिका–५ लकरस्थित आइतबार श्री श्री श्री १०८ हनुमान मन्दिरमा भएको अष्टजामका लागि कमला नदीबाट कलशमा जल भरेर ल्याउँदै भक्तजन । *तस्बिरः निरञ्जनकुमार साह/रासस*

# ‘ध्ये’ खोलामा पुल नहुँदा सास्ती



**मुस्ताङ–** उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका पाँचवटै वडामा कच्ची सडक विस्तार भइसकेको छ । पालिकाको एउटा वडामा पुल नहुँदा वर्षौंदेखि स्थानीय र पर्यटकलाई समस्या भएको छ ।

मुख्य राजमार्ग सडकले जोडिएको लोघेकर दामोदरकुण्ड-१ चराङबाट कालीगण्डकी पारिको लोघेकर दामोदरकुण्ड-५ ध्ये र तांग्या गाउँ जोड्ने कालीगण्डकी नदीको मिश्रण ‘ध्ये’ खोलामा पुल नहुँदा त्यस क्षेत्रका नागरिक र पर्यटकलाई बर्खायाममा आवतजावत गर्न सास्ती खेप्नुपरेको छ । मुस्ताङको चराङबाट ‘ध्ये’ खोला कटेर ध्ये र तांग्या गाउँ हुँदै मनाङको नाफु जोड्ने पर्यटकीय पदमार्ग पर्छ । उपल्लो मुस्ताङबाट ध्ये र त्यांग्या हुँदै मनाङ जाने छोटो दूरीको पर्यटकीय पदमार्ग पर्ने भएकाले त्यहाँ पुलको आवश्यकता महसुस गरिएको थियो ।

उत्तरी कोरलापास र दामोदरकुण्डसहित अन्य शाखा नदीको समीश्रण ‘ध्ये’ खोलामा पुल आवश्यकता धेरै अघिदेखि गरिए पनि हालसम्म त्यहाँ पुल बन्न सकेको छैन । गाउँपालिका केन्द्र चराङ र कोरला सडकसँग ध्येगाउँ र तांग्या गाउँ जोड्ने कालीगण्डकी ‘ध्ये’ खोलामा पुल नहुँदा समस्या भएको लोघेकर दामोदरकुण्ड-५ का वडाध्यक्ष पासाङ गुरुङले जानकारी दिए । ‘ध्ये’ खोलामा पुल नहुँदा ध्ये र तांग्या गाउँका नागरिकलाई पालिका केन्द्र र सदरमुकाम जोमसोम आवतजावत गर्न समस्या हुने गरेको छ ।

‘बर्खायाममा त कालीगण्डकी ध्येखोलाको बाहव उच्च हुन्छ, खोला तरेर वारिपारि गर्न सकिँदैन,’ वडाध्यक्ष गुरुङले भने, ‘बर्खायामको तीन-चार महिना त हाम्रो गाउँमा पूरै नाकाबन्दी लगाएजस्तै हुन्छ, पुल नहुँदा यताउता जान पनि मिल्दैन ।’

भौगालिक रूपले विकट ध्ये र तांग्या गाउँमा उत्पादन हुने कृषि उपज र पशुपालनको बजारीकरण गर्नमासमेत पुल नहुँदा समस्या पर्ने गरेको वडाध्यक्ष गुरुङले बताए । ‘बर्खायाममा खोला ठूलो भएर तर्न सकिँदैन,’ उनले भने, ‘हिउँदयाममा खोला घटेपछि भने तरेर आवतजावत गर्ने गरेका छौं ।’

मुख्य राजमार्ग सडकअन्तर्गत पालिकाको केन्द्र चराङबाट एक घण्टा ओरालो झरेर ध्येखोला तरेर केही मिनेट उकालो लागेपछि ध्ये र तांग्या गाउँमा पुग्न सकिन्छ । यद्यपि यी दुई गाउँमा कच्ची सडकको पहुँच जोडिए पनि ध्येखोलामा पुल नहुँदा समस्या परेको हो । त्यस क्षेत्रका नागरिकले बर्खायाममा खाद्यान्न तथा दैनिक उपभोग्य सामान हिउँदयाममा खोलाको सतह घटेपछि मात्रै ढुवानी गरेर मौज्दात राख्ने गरेको वडाध्यक्ष गुरुङले उल्लेख गरे ।

संघीयतापछि लोघेकर दामोदरकुण्ड-१ र ५ जोड्ने गरी यहाँ पुल बनाउन गाउँपालिकाले पहलकदमी गर्दै आएको थियो । झण्डै ५०० मिटर दूरीमा फैलिएको ध्येखोलामा पुल निर्माणका लागि वैज्ञानिक अध्ययन र सर्भेसमेत भएको थियो । दुईवटा सरकारी निकायले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरे पनि सरकारले त्यहाँ पुलका लागि बजेट विनियोजन नगर्दा समस्या भएको हो । कृषि र पशुपालन व्यवसायमा आश्रित त्यहाँका नागरिक सरकारले पुल बनाइदेला भन्ने आशमा छन् ।

ध्ये र तांग्य गाउँ जोड्ने पुल निर्माणका लागि यसअघि पूर्वाधार विकास निर्देशानालयले डिपिआर तयार गरेको थियो । ध्येखोलामा पुल निर्माणका लागि स्थानीय पूर्वाधार विभाग (डोली)ले पनि सर्भे गरेको थियो । लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले ध्येखोलामा पुल निर्माण गर्न पटकपटक प्रयास गरिए पनि बन्न नसकेको बताए । आवश्यक बजेट अभावले पुल बन्न नसकेको उनको भनाइ छ । *रासस*

नारायणगढ–बुटवल सडक विस्तार

# दाउन्ने क्षेत्रमा आवागमन बन्द गरेर काम गरिने

■ प्रभाव संवाददाता

**नवलपरासी–** नारायणगढ-बुटवल सडकखण्ड अन्तर्गतको दाउन्ने क्षेत्रमा सडक विस्तारका लागि सवारी आवागमन बन्द गरिने भएको छ । नवलपरासी बर्दघाट सुस्तापूर्व र पश्चिमका सरोकारवालाको शनिबार दाउन्नेमा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

दाउन्ने क्षेत्रमा यही चैत २७ गतेदेखि चैत ३१ गतेसम्म बिहान ११:०० देखि दिउँसो ३:०० बजेसम्म तथा २०८२ वैशाख १ गतेदेखि वैशाख १५ गतेसम्म राति ११ बजेदेखि बिहान ५ बजेसम्म अत्यावश्यकबाहेकका सवारी सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम गर्ने निर्णय गरिएको विनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले बताए ।

‘दाउन्ने खण्डमा आवश्यक मर्मतसम्भार गरी यातायातलाई सहज ढंगले सञ्चालन गर्न र सो खण्डमा भित्तातर्फ कटिङ गर्न बाँकी रहेको कामलाई वर्षाअगावै सम्पन्न गर्न दैनिक केही घण्टा आवागमन बन्द गरेर काम गर्ने निर्णय गरिएको छ,’ उनले भने ।

नवलपरासी बर्दघाट सुस्तापूर्व र पश्चिमका जिल्ला समन्वय प्रमुख, प्रमुख जिल्ला अधिकारी, बर्दघाट नगरपालिका प्रमुख, विनयी त्रिवेणी गाउँपालिका प्रमुख, दुवै योजनाका योजना प्रमुख, योजनाको परामर्शदाता, निर्माण व्यवसायी एवं सुरक्षा निकायका प्रमुखसमेतको संयुक्त बैठकले दाउन्ने सडक दैनिक केही घण्टा बन्द गरेर भए पनि निर्माणमा तीव्रता दिने निर्णय गरेको हो । नारायणगढ-बुटवल सडकखण्डको अन्य क्षेत्रमा धमाधम कालोपत्र गरिए पनि दाउन्ने क्षेत्रमा भने उबड-खाबड सडक, साँघुरा घुम्ती, निर्माणका लागि बनाइएका अस्थायी डाइभर्सन र धुलाम्मे बाटोले यात्रालाई कष्टकर बनाएको छ । सडक विस्तारका क्रममा भत्काइएका संरचना समयमै पुनर्निर्माण नहुँदा यात्रु दिनहुँ कष्ट भोग्न बाध्य छन् ।

अहिले दाउन्ने खण्डमा पहाड काट्ने, पर्खाल लगाउने र कल्भर्ट निर्माणको काम भइरहेको पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालले बताए । नारायणगढ-बुटवल सडकको ११४ किलोमिटरअन्तर्गत गैंडाकोटबाट दाउन्नेसम्मको ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित छ र जोखिम बढिरहेको क्षेत्र मानिने दाउन्नेको १४ किलोमिटर खण्डमा तीन लेनको सडक विस्तारको काम भइरहेको छ । १७ अर्ब रूपैयाँको लागतमा सडक निर्माणको काम भइरहेको छ । निर्धारित समयमा काम सम्पन्न नभएपछि तेस्रोपटक २०८२ साउनसम्मका लागि म्याद थप गरिएको छ । *रासस*

# डढेलोबाट घर जोगाउनै मुस्किल



**पाँचथर–** बुधबारदेखि तमोर नदीको किनार साँवासेराको जंगलमा डढेलो लागेपछि जंगल नजिकै घर भएका गाउँले समस्यामा थिए । अकस्मात डढेलो आइपुग्यो भने खर (फुस)को छानो भएका घर गोठ जोगाउने कुनै उपाय नहुने पीर गाउँलेमा थियो ।

सुक्खाले अत्यधिक प्रभावित यस स्थानमा वर्षा नभएको पनि छ महिना भइसकेको छ । वर्षा नहुँदा सुक्खाले पात पतिंगर सबै सुकिसकेका छन । त्यसमाथि हावाहुरी अत्यधिक चलिरहेको थियो । बुधबारदेखि सल्किएको डढेलो गाउँ आइपुग्न धेरै समय लागेन । साँवासेरामा लागेको डढेलो शुक्रबार कुम्मायक गाउँपालिका-१ यासोकको टङटङे र लेकेताम वनसम्म आइपुगेको थियो ।

डढेलो गाउँमा जानबाट रोक्न अग्निरेखा निर्माण भएको थिएन । सुक्खाले प्रभावित गाउँमा आगो निभाउने गरी प्रशस्तै पानी हुने नै भएन । कुम्मायक गाउँपालिकाका कर्मचारीसमेत रहेका काफ्लेपानीका कमल श्रेष्ठ शुक्रबार छिमेकी वीरबहादुर लावतीको घरको छानोमा बाल्टीभरि पानी लिएर बसेका थिए । घरको वरिपरि डढेलोबाट निस्केको धुँवाले ढाकिसकेको थियो । खरको छानो भएको उक्त घरमा हावाहुरीले आगोको झिल्का ल्याइपुऱ्याए जोगाउन नसकिने भएपछि उनले करिब दुई घण्टा पानी बोकेर छानो माथि बसे ।

‘आगो घरभन्दा करिब ५० मिटर मुनि जंगलमा आइसकेको थियो । त्यहाँ बाँसको झ्याङ पनि थियो । आगो लागेपछि बाँसका पात हावामा उड्छन् । आगो सल्किएका पात र झिल्को खरको छानोमा आइपुग्ला कि भनेर बाल्टीमा पानी लिएर छानोमा बसेको हुँ,’ उनले भने, ‘आगोको झिल्को आइपुग्ना साथ बाल्टीको पानी छ्यापेर निभाउने प्रयास गरेका हौं ।’ श्रेष्ठले छिमेकीको छानो रुघ्ने र अरु गाउँलेले घर नजिकै आइपुगेको आगो निभाउने काम गरेका थिए । उनीजस्तै आगो निभाउन गएका अरु मानिस खरको छानो भएका घरको छानोमा पानी लिएर बसेका थिए । करिब १५ घरलाई यसरी छानो रुघेर जोगाइएको श्रेष्ठको भनाइ छ ।

सुक्खाले अत्यधिक प्रभावित कुम्मायक गाउँपालिका-१ यासोक, वडा नं ३ रानीगाउँ, वडा नं ४ रानीगाउँ र वडा नं ५ स्याबरुम्बाका विभिन्न वनमा डढेलो लागेको छ । वनमा लागेको डढेलो हावाहुरीका कारण क्षणभरमा नजिकै रहेका बस्तीमा पस्ने गरेको छ । संघ, प्रदेश र स्थानीय सरकारले नागरिकका घरमा जस्तापाता लगाउने विभिन्न कार्यक्रम चलाए पनि अझैसम्म सबै घरमा जस्तापाता पुग्न सकेको छैन । वनमा लागेको डढेलो गाउँमा पस्दा शनिबार मात्रै सो स्थानका घनेन्द्र दर्जी बसोबास गर्दै आएको घरको भान्साघर जलेको श्रेष्ठले जानकारी दिए ।

सोही डढेलो वस्तीमा पस्दा उक्त वडाको खाल्डेका दीर्घबहादुर खत्री, देवेन्द्र राई, यामकुमार चाम्लिङ, विष्णु राई, पहलमान कार्की, देवेन्द्र कार्की, डिकबहादुर कार्कीको घर, गोठ, अन्नपात, लत्ताकपडा, पशु चौपायासमेत जलेका छन् । कुम्मायक गाउँपालिकाकै वडा नं ३ ताम्राखु वनमा लागेको डढेलोमा परी स्थानीय २६ वर्षीया प्रतिमा सम्बाहाम्फेको बिहीबार मृत्यु भएको थियो । बिहीबार दिउँसो प्रतिमासँगै २८ वर्षीया सपना सम्बाहाम्फे, ११ वर्षीया शिवाना सम्बाहाम्फे र ६० वर्षीया निरमाया सम्बाहाम्फे घाँस काट्न जंगल गएका थिए ।

आगलागीबाट जोगिन भाग्ने क्रममा उनीहरूलाई आगोको लप्काले भेटेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । घाइते रहेका सपना, शिवाना र निरमायाको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरी थप उपचारका लागि शनिबार कीर्तिपुर जलन अस्पताल पुऱ्याइएको कुम्मायक-३ का वडाध्यक्ष बाबुराम कार्कीले जानकारी दिए । *रासस*


मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय, सप्तरी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०८१/१२/२५)

यस कार्यालयबाट IFB No.:04/081/82/IDO/ Saptari, मिति २०८१/०९/०३ (18th December, 2025) को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा, IFB No.:06/081/82/IDO/ Saptari, मिति २०८१/१०/१६ (29th January, 2025) को राजधानी आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा IFB No.:07/081/82/IDO/ Saptari, मिति २०८१/११/११ (23rd February, 2025) को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E–Bidding मार्फत आह्वान गरिएको बोलपत्रमा बोलपत्रदाताहरूबाट प्राप्त बोलपत्र मूल्यांकन हुँदा तपसिल बमोजिमको बोलपत्रदाताहरु न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | ठेक्का नं. | योजनाको नाम/विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | IDO/Saptari/ Works/NCB/ 16-081/82 | राजगढ् गा.पा. वडा नं.४ जमुवा चौकदेखि जमुवा कट्टी नर्घो पुवारी टोल हुदै भारतको बोडर सम्म सडक | M/s Nirman Sokhabandi Tanishka JV, Kathmandu. | रू. १,०१,५५,७८८.०० |
| २ | IDO/Saptari/ Works/NCB/ 28-081/82 | गजेन्द्रनारायण सिंह अस्पताल तथा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान स्तरउन्नति तथा थप क्रियाकलाप | M/S Bhim Builders Pvt. Ltd., Rajbiraj Municipality-9, Saptari. | रू. २,३०,४८,१०९.४३ |
| ३ | IDO/Saptari/ Works/NCB/ 31-081/82 | ति.को.गा.पा श्री ल.व.न.ऊ.मा.वि. अन्तर्गत भेटनरी अस्पतालको भवन निर्माण, सप्तरी | M/s Badrinath Nirman Sewa, Rajbiraj-07, Saptari. | रू. ५३,०३,०२१.२४ |
| ४ | IDO/Saptari/ Works/NCB/ 32-081/82 | महादेवा गा.पा.-२ जयकरण अधिकारी घरदेखि विजय अधिकारी घरसम्म सडक ढलान तथा नाला निर्माण, सप्तरी-२५/महादेवा गा.पा.-२ ललित माझी घरदेखि थालहा डग्गरसम्म सडक ढलान तथा निर्माण सप्तरी-२५/महादेवा गा.पा.-२ पुस्तकालय भवन निर्माण, सप्तरी-२५ | M/s Aone Construction And Consultancy Pvt. Ltd., Mahadeva-3, Saptari. | रू. ६१,९०,१४९.०७ |
| ५ | IDO/Saptari/ Works/NCB/ 33-081/82 | महादेवा गा.पा.-४ धिरेन्द्र साहको घरदेखि शिव चौकसम्म सडक ढलान, सप्तरी-२५/महादेवा गा.पा.-४ श्री ग्रमा देवता आधारभुत विद्यालयदेखि बिर्जु कामैतको घरसम्म सडक ढलान तथा नाला निर्माण, सप्तरी | M/s Aone Construction And Consultancy Pvt. Ltd., Mahadeva-3, Saptari. | रू. ५४,८६,६६५.५० |
| ६ | IDO/Saptari/ Works/NCB/ 33-081/82 | तिलाठी कोइलाडी वडा नं.१ अधुरो राधा कृष्ण मन्दिर-२५/तिलाठी कोइलाडी वडा नं.१ सम्बोध झाको घर जाने बाटोमा पोखरीमा रेटेनिङ्ग तथा सडक ढलानतरी-३५/तिलाठी कोइलाडी वडा नं.१ सडक ढलान तथा नाला निर्माण-२५/तिलाठी कोइलाडी वडा नं.१ कामेत टोलमा रहेको अधुरो मन्दिर-२५ | M/S Pushpa Nirman Sewa, Hanuman Nagar- 1, Saptari. | रू. ७०,७१,५८९.२९ |
| ७ | IDO/Saptari/ Works/NCB/ 33- 081/82 | सप्तरी, तिरहुत न.पा.-५ राम नारायण महेलाको घर दीसोहहरा दह सम्म आर सि सि ढलान तथा वाल निर्माण कार्य-२५/ तिरहुतथान बाबानाथदेखि सडान टोल मुल सडकसम्म आर. सिसि ढलान- ५० | M/s Inclusive Infrastructure Pvt. Ltd. Koteshwor - 32, Kathmandu | रू. ५९,७५,९२५.५८ |

नि. कार्यालय प्रमखु

प्रभाव दैनिक

रूपशाला

## कलाकार ऐरको निधन

कलाकार तेजा ऐरको शनिबार निधन भएको छ । नेपाली चलचित्रमा खलनायकको भूमिका निभाएका उनको शुक्लाफाँटा नगरपालिका–१० झलारी कञ्चनपुरस्थित आफ्नै निवासमा ५६ वर्षको उमेरमा निधन भएको तेजाका भाई डबलबहादुरले जानकारी दिए । कलाकार ऐर दुई वर्षदेखि पक्षघात र मिर्गौलासम्बन्धी समस्याबाट पीडित थिए । तीन दशकदेखि सानाठूला नेपाली चलचित्रमा ऐरले खलनायकको भूमिकामा अभिनय गर्दै आएका थिए । थारु भाषाको चलचित्र 'मोर बस्ती'बाट यस क्षेत्रमा डेब्यु गरेका ऐरले थारु, नेपाली र भोजपुरी भाषाका झण्डै १०० चलचित्रमा खलनालयको भूमिका निर्वाह गरेका थिए ।



सोमबार, २५ चैत २०८१ (Monday, April 07, 2025)

भारतीय अभिनेता श्रीनिवास भन्छन्–

# नेपालजस्तै सुन्दर छन् नेपाली



**काठमाडौं–** भारतीय अभिनेता बेल्लमकोन्डा साई श्रीनिवासले नेपाल र नेपाली निकै सुन्दर रहेको बताएका छन् । दक्षिण भारतीय चलचित्र ‘टाइसन नाइडु’को छायांकनका लागि नेपाल आएका अभिनेता श्रीनिवासले चन्द्रागिरिमा सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै नेपालीको माया र सत्कारको प्रशंसा गर्दै लागि धन्यवाद दिए ।

उनले भने, ‘म नेपाल आउन चाहेर पनि आउन सकेको थिइनँ । कामकै सिलसिलामा यो मेरो पहिलो भ्रमण भए पनि यहाँ पाएको माया र सत्कार अद्भूत छ । यो चलचित्रको कथा नेपालसँग जोडिएकाले हामीले यही आएर छायांकन गर्ने निर्णय गरेका थियौं । यो चलचित्रले नेपाली कलाकारलाई दक्षिण भारतीय चलचित्रसँग जोड्ने छ,’ अभिनेता श्रीनिवासले भने ।

चलचित्र द्वन्द्वप्रधान रहेको जानकारी दिँदै आफूलाई नेपाली खाना र परिकार मन परेको उनले जानकारी दिए । नेपालमा पोखरापछि काठमाडौंमा छायांकन गरिएको जानकारी दिँदै उनले पशुपतिनाथको दर्शन गरेरमात्र स्वदेश फर्किने बताए । ‘मलाई यहाँको हिमाल हेर्न मन छ, सगरमाथा पुग्न मन छ तर अहिले सम्भव छैन । यहाँका खानालेसमेत मलाई मोहित बनाएको छ,’ उनले भने ।

सन् २०१४ मा ‘अल्लुडु सीनु’ नामक तेलुगु चलचित्रमार्फत अभिनययात्रा सुरु गरेका थिए । हालसम्म उनले अभिनय गरेका १० चलचित्र प्रदर्शन भइसकेका छन् । हाल ‘टाइसन नाइडु’सहित तीन चलचित्र छायांकनरत छन् । उक्त चलचित्रमा नेपाल प्रहरीको भूमिकामा रहेका अभिनेता किरण श्रेष्ठले नयाँ अनुभव भइरहेको बताए । ‘मैले यसअगाडि पनि उत्तर भारतीय शृंखलामा काम गरेको थिएँ । अहिले दक्षिण भारतीय चलचित्रमा काम गर्न पाउँदाको अनुभव छुट्टै छ, ठूलो बजेट भएकाले पनि उहाँहरूले भव्यता खिच्नुहुन्छ र योजनाअनुसार नै चल्नुहुन्छ । अन्य काम भने हाम्रो नेपाली चलचित्रजस्तै छ,’ अभिनेता श्रेष्ठले भने ।

‘आइसी ८१४’ नामक भारतीय वेब शृंखलामा काम गरेका थिए । यस चलचित्र हाल ‘टाइसन नाइडु’को छायांकन विगत एक वर्षदेखि विभिन्न तालिकामा (सेडचुलमा) भारतमा भइरहेको थियो । नेपालसँग कथा जोडिएपछि चलचित्रका निर्मातासँगै यहाँ दृश्यांकन हुने कलाकार नेपाल आएका छन् । उनीहरूको नेपाल बसाइ र अन्य गतिविधिबारे निर्माण पक्षले कुनै जानकारी भने दिएको छैन । *रासस*

# चलचित्र ‘द महावीर’को निर्माण घोषणा

**काठमाडौं (प्रस)–** चलचित्र ‘द महावीर’ निर्माणको घोषणा गरिएको छ । निर्माणपक्षले थिम पोस्टर सार्वजनिक गर्दै चलचित्र निर्माणको घोषणा गरेको हो ।

जिबी आग्रीले निर्देशन गर्ने चलचित्रको कथावस्तु निर्माणपक्षले प्रस्ट खुलाएको छैन । थिम पोस्टर भने रेड एण्ड डार्क रहेकाले युद्धको पृष्ठभूमिमा कथा रहेको अनुमान लगाउन सकिन्छ । दुईवटा बलिष्ट घोडा दौडाएर दुई व्यक्ति आमानेसमाने भएको पोस्टरमा उल्लेख छ । बीचमा ठूलो तरवार रातो कपडाले बेरिएको अवस्थामा कसैले उठाउन तयार रहको अवस्थामा छ, यो युद्धको संकेत हो ।

चलचित्रको स्लोगन ‘राइज फाइट कन्क्वेर’ छ । उठ, लड र जित भन्ने स्लोगनले दुईपक्षबीचको द्वन्द्वलाई संकेत गरेको छ । चलचित्रको कथा कृष्ण बिके र जिबी आग्रीले लेखेका छन् । लक्षरा फिल्सको प्रस्तुति रहने ‘द महावीर’मा कृष्ण बिके, बिआर रेड्डी, सन्तोष लुहार निर्माताको रूपमा रहने छन् । सहनिर्मातामा रम्भा देवी र लक्ष्मण बिके रहने छन् ।

कार्यकारी निर्मातामा वरिष्ठ संगीतकार सुरेश अधिकारी छन् । डिरेक्टर अफ फोटोग्राफीमा सरण रिसी छन् । हिन्दी र नेपाली भाषामा निर्माण हुने चलचित्रमा डल्बी एटमसको साउण्ड रहने निर्माणपक्षले जनाएको छ । निर्देशक आग्रीले केही समयपछि कलाकार र रिजिल डेटबारे जानकारी दिने बताए ।




# ‘जनै हराएको बाहुन’ आजदेखि छयांकनमा


■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र ‘जनै हराएको बाहुन’को शुभमुहूर्त गरिएको छ । बूढानीलकण्ठ मन्दिर परिसरमा आइतबार बिहान चलचित्रको शुभमुहूर्त गरिएको हो ।

शुभमुहूर्तमा चलचित्रका अधिकांश कलाकारको उपस्थिति रहेको थियो । त्यसक्रममा अभिनेत्री मिरुना मगर, अभिनेता सुशांक मैनाली, कलाकार गौरव पहाडी र भोलाराज सापकोटाले मुहूर्त सर्ट दिए । आज सोमबारबाट चलचित्रको छायांकन सुरु हुने निर्माणपक्षले जानकारी दिएको छ ।

विजय बराल, सुशांक मैनाली, केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी, रियर राई, भोलाराज सापकोटालगायत कलाकारको अभिनय रहने छ । निर्माण टिमका अनुसार काभ्रेपलाञ्चोकको पनौतीबाट चलचित्रको छायांकन सुरु हुने छ । पाल्पा र काठमाडौंमा पनि छायांकन हुने जनाइएको छ ।

चलचित्रलाई हिमाल न्यौपानेले निर्देशन गर्दै छन् । निर्देशक न्यौपानेको यो डेब्यु निर्देशन हो । यो चलचित्रको एसोसिएट निर्देशकमा ‘प्रेमगीत ३’ का अभिनेता मनिष राउत छन् । यसले गाउँदेखि सहर आएका एक सरल व्यक्तिले भोग्नुपरेका अनपेक्षित घटना र त्यसले उनको जीवनमा ल्याएको परिवर्तनको कथा भन्ने निर्देशक न्यौपानेले बताए । आमा र छोराबीचको भावनात्मक कथा यसमा समेटिएको उनको भनाइ छ ।







शुभमुहूर्तपछि संक्षिप्त कुरा गर्दै अभिनेत्री मिरुनाले भनिन् यो चलचित्रमा आबद्ध हुन पाएकोमा खुसी व्यक्त गरिन् । ‘यसमा मेरो क्यारेक्टर मेरो लागि विशेष छ,’ उनले भनिन् । एसोसिएट निर्देशक राउतले ‘जनै हराएको बाहुन’ मा हामी सबै नेपालीको कथा रहेको बताए । ‘यसमा हाम्रो सम्बन्धको कथा छ, दाजुभाइबीचको सम्बन्धका बारेमा छ, आमा छोराका बारेमा छ,’ उनले भने ।



यु-१९ एकदिवसीय शृंखला

# नेपाल लगातार पराजित, एक खेल अगावै अफगानिस्तानले जित्यो शृंखला



■ प्रभाव संवाददाता

**काठमाडौं–** अफगानिस्तान यु-१९ टोलीविरुद्धको एकदिवसीय शृंखलामा नेपाल लगातार पराजित भएको छ । आइतबार भएको दोस्रो खेलमा नेपाली यु-१९ टोली अफगानिस्तानसँग एक रनले पराजित भएको हो । योसँगै अफगानिस्तानले नेपालविरुद्धको शृंखला एक खेल अगावै जितेको छ । यसअघि पहिलो खेलमा नेपाल अफगानिस्तानसँग १३० रनले पराजित भएको थियो ।

मूलपानी क्रिकेट मैदानमा टस जितेर अफगानिस्तानले पहिला ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा सबै विकेट गुमाएर १६८ रन बनायो । १६९ रनको लक्ष्य पछ्याएको नेपालले ४९.३ ओभरमा सबै विकेट गुमाउँदै १६७ रनमात्र बनाउन सक्यो । नेपालका लागि साहिल पटेलले ११९ बलमा छ चौकाको मद्दतले सर्वाधिक ६४ रनको योगदान दिए । यसैगरी अभिषेक तिवारीले २०, निरजकुमार यादवले १५ तथा कप्तान नरेन भट्टले १३ रन बनाए ।

बलिङतर्फ अफगानिस्तानका लागि वाहिदुल्लाह जाद्रन, जाइतुल्लाह शहिन र हाफिज जाद्रनले दुई-दुई तथा रोहुल्लाह अरब, कप्तान महबुब खान र उजाइरुल्लाह नियाजाइले समान एक-एक विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ गर्ने क्रममा अफगानिस्तानका लागि कप्तान महबुब खानले ११४ बलमा एक चौकाको मद्दतले सर्वाधिक ५८ रनको योगदान दिए । यसैगरी रोहुल्लाह अरबले २७, उजाइरुल्लाह नियाजाइले १९, नजिफुल्लाह अमिरीले १६, खतिर स्तानिकजाइले ११ र खालिद अहमदजाईले १० रन बनाए ।

बलिङतर्फ नेपालका लागि सन्तोष यादवले तीन, सिब्रिन श्रेष्ठ र विपिनप्रसाद शर्माले दुई-दुई तथा अभिषेक तिवारीले एक विकेट लिए । शृंखलाको अन्तिम खेल यही चैत २७ गते हुने छ ।

# भलिबलको साख फर्काउने चाहनामा कप्तान अरुणा

**कास्की–** राष्ट्रिय महिला भलिबल टोलीका कप्तान अरुणा शाहीले पोखरा-३ नदीपुरमा एलिट भलिबल एकेडेमी सञ्चालन गरेकी छन् । उक्त एकेडेमीमा महिला खेलाडीलाई नियमित प्रशिक्षण प्रदान गरिँदै आइएको छ । एकेडेमीबाट क्षमतावान् महिला भलिबल खेलाडी उत्पादन गरेर विगतको गण्डकीको भलिबलको साख फर्काउने चाहना अरुणाको छ ।

एकेडेमी चलाउनका लागि भने आर्थिकरूपमा समस्या भएकाले स्रोत जुटाउनका लागि यही चैत २९ देखि वैशाख १ गतेसम्म प्रथम एलिट कप महिला तथा पुरुष भलिबल प्रतियोगिताको तयारी गरिएको छ । एकेडेमीमै हुने प्रतियोगिताबाट खेलाडी उत्पादनमा टेवा पुग्ने राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान एवं एकेडेमीकी प्रशिक्षक शाहीले बताइन् ।

प्रतियोगिता संयोजकसमेत रहेकी अरुणाले प्रतियोगिताबाट बचत रकम महिला खेलाडी उत्पादनमा खर्चिने बताइन् । उनले भनिन्, ‘प्रतियोगिताबाट आएका उत्कृष्ट खेलाडीलाई पठनपाठनमा छात्रवृत्तिसँगै निःशुल्क प्रशिक्षण गराउने छौं । त्यसले भविष्यमा खेलाडी उत्पादनमा टेवा पुग्ने हाम्रो विश्वास छ ।’ एकेडेमीले उत्कृष्ट दुई महिला खेलाडीलाई पठनपाठनसँगै निःशुल्क प्रशिक्षण गराउने जनाएको छ । विशेषगरी महिला



भलिबल खेलाडी उत्पादन गर्ने लक्ष्य एकेडेमीको रहेको शाही बताउँछिन् । ‘पुरुषभन्दा पनि महिला खेलाडी उत्पादन गर्नु हाम्रो एकेडेमीको लक्ष्य हो । कसरी हुन्छ, पहिलाको जुन साख छ पोखरा र गण्डकीको त्यसलाई उजागर गर्ने हाम्रो उद्देश्य हो,’ शाहीले भनिन् ।

प्रतियोगितामा पुरुषतर्फको विजेताले एक लाख रूपैयाँ र उपविजेताले ५० हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने छन् । महिलातर्फ विजेतालाई ५० हजार रूपैयाँ र उपविजेतालाई २५ हजार रूपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा सर्वोत्कृष्ट पुरुष खेलाडीले पाँच हजार रूपैयाँ र सर्वोत्कृष्ट महिला खेलाडीले तीन हजार रूपैयाँ प्राप्त गर्ने छन् ।

विधागततर्फ उत्कृष्ट हुने पुरुष खेलाडीलाई समान दुई हजार रूपैयाँ र महिलातर्फ समान एक हजार ५०० रूपैयाँ प्रदान गरिने छ । पुरुषतर्फ दर्ता शुल्क छ हजार ५०० रूपैयाँ र महिलातर्फ तीन हजार ५०० रूपैयाँ तोकिएको छ । दुवैतर्फ टिममा सातौं, आठौं र नवौं राष्ट्रिय खेलकुद र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका बढीमा दुई जना खेलाडी समावेश गर्न पाइने प्रतियोगिता संयोजक शाहीले बताइन् ।

हालसम्म पुरुषतर्फ नौ र महिलातर्फ सात टोलीले नाम दर्ता गराएको खेल संयोजक तथा एकेडेमीका प्रशिक्षक मलिन रोकाले जानकारी दिए । महिला भलिबलका कप्तान शाहीसहित तीन जना मिलेर नदीपुरमा एलिट भलिबल एकेडेमी सञ्चालन गरेका छन् । उनीहरूले महिला खेलाडीलाई नियमित प्रशिक्षण गराउँदै आएका छन् । *रासस*

# ‘अल नेपाल काभ्रे ओपन थ्री बास्केटबल’ ३० चैतदेखि

**काभ्रेपलाञ्चोक (प्रस)–** काभ्रेपलाञ्चोक बास्केटबल संघले यही चैत ३० गतेदेखि दोस्रो संस्करण ‘अल नेपाल काभ्रे ओपन थ्री बास्केटबल प्रतियोगिता’ सञ्चालन गर्ने भएको छ । धुलिखेलस्थित काठमाडौं विश्वविद्यालयको प्रांगणमा आयोजना गरिएको प्रतियोगितामा मुलुकभरका उत्कृष्ट खेलाडी एउटै कोर्टमा प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगितामा ४० पुरुष र १५ महिलाको समूहबीच प्रतिस्पर्धा हुने जनाइएको छ । प्रतियोगिताको आवश्यक तयारी, व्यवस्थापन तथा प्रचारप्रसार र टिम दर्ता भइरहेको संघका अध्यक्ष शिव थापामगरले जानकारी दिए । प्रतियोगितामा विजेता टिमले शिल्ड, प्रमाणपत्रसहित ४० हजार रूपैयाँ पुरस्कार प्राप्त गर्ने छन् भने उपविजेता टिमले २० हजार रूपैयाँसहित आकर्षक उपहार भौचर प्राप्त गर्ने छन् ।

बास्केटबलको विकास र नयाँ पुस्तालाई प्रेरणा दिने उद्देश्यले आयोजना गरिएको उक्त प्रतियोगिता केबल खेलको मैदानमा मात्र सीमित नभई नेपालमा बास्केटबल संस्कृतिलाई थप मजबुत बनाउँदै खेलाडी, समर्थक र समग्र समुदायलाई एकसाथ ल्याउने लक्ष्य राखेको आयोजकको दाबी छ । यस्तै प्रतियोगिताले नयाँ पुस्ताका खेलाडीलाई प्रोत्साहित गर्न तथा उनीहरूलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय मञ्चमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास आयोजकले गरेका छन् ।




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका सल्लाहकार टेस्लाका सिइओ एलोन मस्कविरुद्ध शनिबार लस एन्जलस सहरमा आयोजित विरोध प्रदर्शनमा सहभागीहरू । 'ह्याण्ड्स अफ !' नाराका साथ राष्ट्रव्यापी भएको विरोध प्रदर्शनको क्रममा प्रदर्शनकारीहरू ट्रम्पको तस्बिर भएको ठूलो बेलुन र ब्यानरसहित सहभागी भएका थिए । *तस्बिरः एएफपी*

# क्षेप्यास्त्र आक्रमणबाट युक्रेनी सरकारी सञ्चार कार्यालयमा क्षति

**किएभ, युक्रेन–** रुसी ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमणबाट विदेशी भाषामा प्रसारण हुने सरकारी च्यानलको कार्यालय रहेको भवन आंशिकरूपमा ध्वस्त भएको एक टेलिभिजन च्यानलले आइतबार जनाएको छ । रुसले युक्रेनमा आइतबार गरेको क्षेप्यास्त्र र ड्रोन आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको थियो भने कयौं सरकारी कार्यालयहरूमा क्षति भएको थियो ।

रुसी भाषामा प्रसारण हुने फ्रिडम टेलिभिजन च्यानलले आफ्नो रिपोर्टमा भनेको छ, 'अप्रिल ६ मा किएभमा रुसी ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमणले युक्रेनको स्टेट फरेन ब्रोडकास्टिङ इन्टरप्राइजेजको सम्पादकीय कार्यालय रहेको भवनमा ठूलो क्षति पुऱ्याएको छ ।'

'आक्रमणबाट विदेशी प्रसारण च्यानलहरू अवस्थित व्यापारिक केन्द्रको माथिल्लो तीन तला पूर्णरूपमा नष्ट भएका छन् भने तल्लो तलामा पनि ठूलो क्षति पुगेको छ र अहिले प्रयोग गर्न नसकिने अवस्थामा पुगेको छ,' फ्रिडमले उल्लेख गरेको छ ।

किएभका अधिकारीहरूले यसअघि रातभर भएको क्षेप्यास्त्र आक्रमणबाट व्यापारिक केन्द्रको केही तलामा क्षति पुगेको बताएका थिए । आपत्कालीन सेवाहरूले आक्रमणपछि एउटा ठूलो भवनको छाना भत्केको र झ्यालहरू फुटेको तस्बिरहरू पोस्ट गरेका छन् । उक्त भवनमा फ्रिडम, डोम, युएटिभी इङ्लिस, द गेज, युएटिभी एस्पानोल, युएटिभी अरबी र युएटिभी पोर्टुगुएस सरकारी विदेशी भाषाका टेलिभिजन च्यानल र अनलाइन सञ्चारमाध्यम रहेका छन् ।

आक्रमणमा कुनै पनि कर्मचारी घाइते नभएको सरकारी प्रसारण संस्थाकी प्रमुख युलिया बिनले बताएकी छन् । बिनका अनुसार गत फेब्रुअरीमा यसअघिको आक्रमणले आफ्ना कार्यालयलाई निशाना बनाएपछि च्यानलहरू हालै मात्र भवनमा सरेका थिए । 'दुई महिनाभन्दा कम समयमा भएको यो दोस्रो आक्रमण हो । *रासस⁄एएफपी*

# इरानका उच्च कूटनीतिज्ञले अस्वीकार गरे अमेरिकासँगको प्रत्यक्ष वार्ता

**तेहरान–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग सिधा वार्ता गर्न चाहेको बताइरहेका समय इरानका विदेशमन्त्री अब्बास अराघचीले आइतबार अमेरिकासँगको प्रत्यक्ष वार्तालाई 'अर्थहीन' भन्दै यस्तो सम्भावनालाई अस्वीकार गरेका छन् ।

ट्रम्पले गत महिना तेहरानलाई वासिङ्टनसँग आफ्नो आणविक कार्यक्रमबारे वार्ता गर्न आह्वान गरेका थिए । उनले कूटनीति असफल भएमा इरानमाथि आक्रमण गर्ने चेतावनी दिएका थिए ।

बिहीबार अमेरिकी राष्ट्रपति ट्रम्पले इरानसँग 'सीधा वार्ता' गर्न चाहेको बताएका थिए । 'मलाई लाग्छ तपाईं मध्यस्थहरूमार्फत जानुभन्दा यो छिटो हुन्छ,' उनले भने ।

आइतबार अराघचीले भने, 'संयुक्त राष्ट्रसंघको बडापत्रको उल्लंघन गर्दै निरन्तर बल प्रयोग गर्ने धम्की दिने र आफ्ना विभिन्न अधिकारीहरूबाट विरोधाभासी अडान व्यक्त गर्ने पक्षसँग प्रत्यक्ष वार्ता 'अर्थहीन' हुने छ ।'

'हामी कूटनीतिप्रति प्रतिबद्ध छौं र अप्रत्यक्ष वार्ताको बाटो प्रयोग गर्न तयार छौं,' इरानको परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'इरान सबै सम्भावित गतिविधि वा घटनाका लागि तयार रहन्छ र जसरी यो कूटनीति र वार्तामा गम्भीर छ, त्यसरी नै उसले आफ्नो राष्ट्रिय हित र सार्वभौमिकताको रक्षामा पनि निर्णायक र गम्भीर हुने छ ।'

शनिबार इरानी राष्ट्रपति मसूद पेजेशकियानले आफ्नो देश अमेरिकासँग समान स्तरमा वार्ता गर्न इच्छुक रहेको बताएका थिए । उनले वार्ताका लागि आह्वान गर्ने वासिङ्टनको इमान्दारितामाथि पनि प्रश्न उठाउँदै भने, 'यदि तपाईं वार्ता चाहनुहुन्छ भने धम्की दिनुको अर्थ के हो ?'



## परमाणु कार्यक्रम

संयुक्त राज्य अमेरिकाको नेतृत्वमा पश्चिमा देशहरूले दशकौंदेखि तेहरानले आणविक हतियार हासिल गर्न खोजेको आरोप लगाउँदै आएका छन् । इरानले उक्त आरोपको खण्डन गर्दै आफ्नो आणविक गतिविधि नागरिक प्रयोजनका लागिमात्र भएको बताउँदै आएको छ ।

इस्लामिक रिभोल्युसनरी गार्ड कोरका प्रमुख हुसेन सलामीले शनिबार देश युद्धका लागि 'तयार' रहेको बताएका थिए । उनले भने, 'हामीलाई युद्धको कुनै चिन्ता छैन तर हामी युद्धको सुरुआतकर्ता हुने छैनौं, तर हामी कुनै पनि युद्धका लागि तयार छौं,' इरानको राज्य सञ्चालित समाचार संस्था इर्नाले उनलाई उद्धृत गर्दै लेखेको छ ।

सन् २०१५ मा इरानले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रहरू संयुक्त राज्य अमेरिका, फ्रान्स, चीन, रुस र संयुक्त अधिराज्यका साथै जर्मनीसँग आफ्नो आणविक गतिविधिलाई नियमन गर्न ऐतिहासिक सम्झौता गरेको थियो । सन् २०१५ मा भएको सम्झौतालाई औपचारिकरूपमा 'संयुक्त बृहत् कार्ययोजना (जेसिपिओए) को नामले चिनिन्छ र तेहरानले आणविक हतियार विकास गर्न सक्दैन भन्ने ग्यारेन्टी गर्न इरानको आणविक कार्यक्रममाथि प्रतिबन्ध लगाएको बदलामा इरानलाई अन्य आर्थिक प्रतिबन्धमा राहत प्रदान गरेको थियो ।

सन् २०१८ मा ट्रम्पको पहिलो कार्यकालमा संयुक्त राज्य अमेरिका सम्झौताबाट पछि हटेको थियो र इरानमाथिको कडा प्रतिबन्धलाई पुनःस्थापित गरेको थियो । त्यसको एक वर्षपछि इरानले सम्झौताअन्तर्गतका आफ्ना प्रतिबद्धताहरूबाट पछि हट्न थाल्यो र आफ्नो आणविक कार्यक्रमलाई तीव्रता दियो । इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीका निकट सल्लाहकार अली लारिजानीले इरानले आणविक अस्त्रको खोजी नगरे पनि आफूमाथि आक्रमण भएमा आफूसँग आणविक हतियारको विकल्प नरहेको चेतावनी दिएका छन् । *रासस⁄एएफपी*

# श्रीलंकासँगको घनिष्ठ सम्बन्धप्रति मोदीको प्रशंसा



**कोलम्बो–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंकाको पवित्र बौद्ध वृक्षको आइतबार दर्शन गरेका छन् । प्रधानमन्त्री मोदीले बौद्ध बहुल श्रीलंकाको सार्वभौमिकताको प्रतीक अनुराधापुरामा रहेको श्री महाबोधीमा फूल चढाएर बुद्धप्रति श्रद्धाभाव व्यक्त गरेका हुन् ।

बुद्धले दुई हजार ५०० वर्षअघि बुद्धत्व प्राप्त गरेको भनिएको धारतमा रहेको अञ्जीरको बोटको बिरूवा भएको विश्वास गरिने यस अञ्जीरको बोटलाई कडा पहरा दिएर राखिएको छ । हिन्दू राष्ट्रवादी भारतीय प्रधानमन्त्री मोदीले सन् २०१५ मा आफ्नो अघिल्लो भ्रमणका क्रममा पनि यसको पूजा अर्चना गर्नुका साथै दुवै देशका लागि यसको धार्मिक र सांस्कृतिक महत्त्वमाथि उजागर गरेका थिए ।

बोटानिकल नाम फिकस रिलिजियोसा भनिने यस रूखलाई दैनिक हजारौंले 'जीवित बुद्ध'को प्रतीकको रूपमा पूजा गर्छन्, यसको हाँगाहरू सुनको लेप लगाइएको फलामको सहारामा संरक्षित गरिएका छन् । भिक्षु, प्रहरी र सशस्त्र फौजले यस रूखको चौबिसै घण्टा पहरा दिने गर्छन् ।

'यो भ्रमणले दुई देशबीचको गहिरो सांस्कृतिक, आध्यात्मिक र सभ्यतागत सम्बन्धलाई पुनः पुष्टि गरेको छ,' मोदीले भारत फर्कनुअघि सामाजिक सञ्जालमा लेखेका छन् । शनिबार मोदी र श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायकेले रक्षा र ऊर्जालगायत सात सम्झौतामा हस्ताक्षर गरेका थिए । दिसानायकेले श्रीलंकाप्रति देखाएको 'गहिरो व्यक्तिगत मित्रता' सम्मानस्वरूप उनलाई देशको सर्वोच्च नागरिक सम्मान प्रदान गरेका छन् ।

मोदीको यो भ्रमणलाई यस क्षेत्रमा चीनको बढ्दो प्रभावको सामना गर्ने रणनीतिक कदमका रूपमा हेरिएको छ । प्रधानमन्त्री मोदीले शनिबार भने, 'हामी विश्वास गर्छौं कि हाम्रो सुरक्षा हित एकअर्कासँग जोडिएको छ । हाम्रो सुरक्षा अन्योन्याश्रित र अन्तरसम्बन्धित छ । दिसानायकेले आफूले मोदीलाई 'भारतको सुरक्षालाई कमजोर पार्न कसैले पनि श्रीलंकाली भूमि प्रयोग गर्न नदिने' आश्वासन दिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । *रासस⁄एएफपी*

# ले पेनलाई दोषी ठहर गरिएको विरोधमा समर्थकद्वारा प्रदर्शन

**पेरिस–** फ्रान्सको नेसनल ऱ्याली पार्टीका प्रमुख मारिन ले पेनलाई भ्रष्टाचारको अभियोगमा दोषी ठहर गर्दै सार्वजनिक पदबाट प्रतिबन्ध लगाएपछि उक्त पार्टीले आइतबार आफ्ना समर्थकलाई भेला गर्ने योजना बनाएको छ ।

यो धमाकेदार फैसलाले फ्रान्सको राजनीतिक संस्थापनलाई स्तब्ध बनाएको छ र उनका केही कट्टर विरोधीहरूले पनि सन् २०२७ को मतदानमा अति दक्षिणपन्थी नेतालाई खडा हुन दिनुपर्ने बताएका छन् । ले पेनले फेसलाविरूद्ध अपिल दर्ता गराएका छन् । 'हामी स्वतन्त्रताको रक्षा गर्न, लोकतन्त्र बचाउन र मरिनलाई समर्थन गर्न फ्रान्सका जनतालाई परिचालन गरौं ।' ले पेनको नेसनल ऱ्याली (आरएन) पार्टीले पेरिसमा विरोध प्रदर्शन गर्नुअघि एक्समा उल्लेख गरेको छ ।

बिएफएमटिभीका लागि सर्वेक्षणकर्ता इलाबेले शनिबार सार्वजनिक गरेको पछिल्लो सर्वेक्षणअनुसार ५६ वर्षीया ले पेनले दुई चरणको राष्ट्रपतीय निर्वाचनमा भाग लिएमा उनी पहिलो चरणको निर्वाचनमा सहजै शीर्ष स्थानमा रहने छिन् । उनले आफूलाई राष्ट्रपति इमानुएल म्याक्रोँको उत्तराधिकारीका लागि 'उचित विकल्प' भएको बताएकी छन् ।

ले पेनलाई सोमबार भ्रष्टाचारको मुद्दामा दोषी ठहर गर्दै आंशिकरूपमा निलम्बित जेल सजाय र सार्वजनिक पद धारण गर्न तत्काल प्रतिबन्ध लगाइएको हो । उनका समर्थकहरूले यो फैसला राजनीतिबाट प्रेरित भएको आरोप लगाए पनि म्याक्रोँले फ्रान्सेली न्यायपालिका 'स्वतन्त्र' भएको बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त वाक्यलाई 'युरोपेली वामपन्थीहरूले अभिव्यक्ति स्वतन्त्रतालाई दबाउन र आफ्ना राजनीतिक प्रतिद्वन्द्वीलाई सेन्सर गर्न कानुनको प्रयोग गरेर' 'बोक्सीको सिकार' गरेको बताएका छन् ।

फ्रान्सका प्रधानमन्त्री फ्रान्कोइस बायरोउले उक्त टिप्पणीलाई फ्रान्सेली मामिलामा 'हस्तक्षेप' भन्दै खण्डन गरेका छन् । उनले फ्रान्सेली संस्थाहरूले 'शक्ति पृथकीकरण र न्यायको रक्षा' का लागि अनुमति दिएको भन्दै अदालतको फैसलाविरुद्ध प्रदर्शन गर्नु 'न स्वस्थ र न त वाञ्छनीय' आधार भएको बताए । *रासस⁄एएफपी*

# रूसमा पक्राउ परेका अमेरिकी नागरिकलाई मनोरोग अस्पताल पठाइयो

**मस्को–** रुसमा हिरासतमा लिइएका र यसै महिना मुद्दा चलाउने तयारी गरिएका एक अमेरिकी नागरिकलाई जबर्जस्ती मनोरोग अस्पतालमा पठाइएको रूसी समाचार संस्था तासले आइतबार जनाएको छ । अमेरिकी नागरिक ४६ वर्षीय जोसेफ टेटरलाई सन् २०२४ को अगष्टमा मस्कोमा पक्राउ गरिएको थियो । उनीविरूद्ध एक होटलका कर्मचारीलाई दुर्व्यवहार गरी एक प्रहरी अधिकारीमाथि पनि आक्रमण प्रयास गरेको आरोप लगाइएको थियो । दोषी ठहरिएमा उनलाई पाँच वर्षसम्मको जेल सजाय हुनसक्छ ।

मस्कोको एक अदालतले टेटरलाई मानसिक रोगका कारण बिरामीको रूपमा जबर्जस्ती अस्पताल भर्ना गर्न मानसिक अस्पतालका चिकित्सकहरूको अनुरोधमा सहमति जनाएको छ । मार्च १५ मा मस्कोको एलेक्सेयेभा मनोरोग अस्पतालका चिकित्सकहरूको एक मेडिकल कमिसनले टेटरले 'तनाव, आवेग एवं भ्रमपूर्ण विचार र मनोवृत्ति' देखाएको र जसमा 'सतावट' को भावना रहेको र 'आफ्नो राज्यप्रति आलोचनात्मक दृष्टिकोणको कमी' रहेको ठहर गरेको थियो । अदालतले टेटरलाई अस्पताल भर्ना गर्ने निर्णय कहिले जारी गऱ्यो भन्ने कुरा तत्काल स्पष्ट हुन सकेको छैन । तासका अनुसार टेटरलाई मस्कोको सर्बस्की सेन्टरमा मानसिक जाँचका लागि पठाइएको थियो । *रासस⁄एएफपी*

# बेलायत उद्योगको संरक्षणका लागि तयार : स्टार्मर

**लण्डन–** बेलायतका प्रधानमन्त्री किअर स्टार्मरले नयाँ संसार स्थापित नियमहरूद्वारा कम र 'सम्झौता र गठबन्धनद्वारा अधिक' शासित हुने आइतबार बताएका छन् । बदलिँदो विश्वव्यापी आर्थिक मार्गलाई पहिचान गर्दै अब केही क्षेत्रहरूको रक्षा गर्न राज्यको प्रत्यक्ष हस्तक्षेप प्रयोग गर्न आफू तयार रहेको उनले बताएका छन् ।

उनले भने, 'औद्योगिक रणनीतिमा अपेक्षित प्रमुख घोषणाअघि यो हप्ता हामी हाम्रो घरेलु प्रतिस्पर्धात्मकतामा सुधार गर्न योजनाहरू तयार पार्ने छौं । हामी आँधीबेहरीबाट बेलायती व्यवसायलाई बचाउन औद्योगिक नीति प्रयोग गर्न तयार छौं ।' 'केही मानिसहरूलाई यसबारेमा असहज लाग्न सक्छ तर जब विश्वले यो अनशन गरिरहेको छ, हामी पुरानै भावनामा अडिग रहन सक्दैनौं,' उनले भने, 'हामीलाई थाहा भएको संसार समाप्त भएको छ । बेलायत अमेरिकी करवृद्धिको प्रभावबाट उद्योगहरूलाई आश्रय दिन राज्यको प्रत्यक्ष हस्तक्षेप प्रयोग गर्न तयार छ ।'

'अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार व्यापक कर लगाउनुले 'पुरानो अनुमानलाई अब हल्कारूपमा लिन सकिँदैन' भन्ने देखाउँछ,' स्टार्मरले सण्डे टेलिग्राफ पत्रिकामा प्रकाशित एक लेखमा भनेका छन् । उनले भने, 'नयाँ संसार स्थापित नियमहरूद्वारा कम र 'सम्झौता र गठबन्धनद्वारा अधिक' शासित हुन्छ ।



यसले बेलायती गुणहरूको सर्वोत्तम माग गर्दछ र यसको विकल्प ठण्डा दिमाग, व्यावहारिकता र हाम्रो राष्ट्रिय हितको स्पष्ट समझदारी हो ।'

प्रधानमन्त्री स्टार्मरले 'व्यापार युद्धबाट कोही पनि विजयी हुँदैन' भन्ने आफ्नो सरकारको विश्वास दोहोऱ्याउँदै तत्कालको रणनीति 'शान्त रहने र सर्वोत्तम सम्झौताका लागि लड्ने' रहेको बताए ।

उनले अमेरिकी व्यापार सम्झौता 'बेलायती व्यापारका लागि सही भएमा' मात्र गरिने र बेलायतमाथि १० प्रतिशत करको जवाफ दिन 'सबै विकल्पहरू टेबलमा नै रहने' बताए । बेलायतको लक्जरी कार निर्माता कम्पनी जगुआर ल्याण्ड रोभरले अप्रिलमा संयुक्त राज्य अमेरिकामा नयाँ व्यापारिक सर्तहरूलाई सम्बोधन गर्दै निर्यात 'रोकिने' बताएको छ । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्चाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १७४५०० | प्रति तोला - ० | प्रति तोला - १८०० |



**गह्रुा भित्र्याउने चटारो** | दाङको घोराही उपमहानगरपालिका-१२ स्थित हापुर रमाना क्षेत्रमा गहुँ काट्दै गरेका स्थानीय किसान ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

## सगरमाथा आरोहणको अनुमति धमाधम

### सात समूहका ७७ जनाले लिइसके अनुमति

**काठमाडौं (प्रस)**– यस वर्षको वसन्तकालीन याममा सगरमाथा आरोहणका लागि धमाधम आरोहण अनुमति दिन सुरु गरिएको छ। पर्यटन विभागका अनुसार सगरमाथा आरोहणका लागि हालसम्म सात आरोही समूहका १७ महिला र ६० पुरुषले अनुमति लिइसकेका छन् । विभागका निर्देशक लीलाधर अवस्थीले आइतबारसम्म सगरमाथासहित अन्य स-साना २९ हिमाल आरोहणका लागि आरोहण अनुमति दिइएको छ । उनले अनुमति पाएका आरोही गन्तव्यतिर लागेको बताए ।

विभागको विवरणमा हालसम्म नेपालसहित विभिन्न देशका आरोहीले आरोहण कूल १९८ आरोहीले हिमाल आरोहणका लागि अनुमति लिएका छन् । अन्नपूर्ण-१ मा ६ आरोही समूहका ६६ जना र अन्नपूर्ण-५ का लागि एक आरोही समूहका आठ जनाले अनुमति लिएका छन् । मकालु आरोहणका लागि एक आरोही समूहका १५, ल्होत्सेमा एक आरोही समूहका १५ जनाले अनुमति पाएका छन् ।



#### सगरमाथाको दोस्रो शिविरसम्म बाटो निर्माण जारी

सगरमाथा आरोहणका लागि अहिले धमाधम बाटो निर्माण भइरहेको छ । सगरमाथा क्षेत्रमा दुई दिनयता तीव्र बेगको हावा चलेकाले बाटो बनाउन कठिन भइरहेको जनाइएको छ । शनिबार साँझसम्म प्रतिघण्टा ३५ किलोमिटरको गतिमा हावा चलिरहेको र 'आइसफल'का टुक्रा छरिरहेकाले आइसफल डाक्टर अनुकूल मौसमको प्रतिक्षामा रहेको विभागले जनाएको छ ।

खुम्बु आइसफल क्षेत्रमा अहिले भर्‍याङ राख्ने र हचाङगिङ एयरमा किला ठोक्ने काम भइरहेको छ। 'आइसफल क्षेत्रमा चारवटा भर्‍याङ र १२ वटा किला ठोकिसकिएको छ,' निर्देशक अवस्थीले भने, 'दोस्रो शिविरसम्म दुई हजार २०० मिटरसम्म बाटो बनाउनुपर्ने हुन्छ। हालसम्म एक हजार १०० मिटरसम्मको बाटो बनिसकेको छ ।'

सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) बाटो बनाउन 'आइसफल डाक्टर' खटाएको छ । यो यामका लागि १० जनाको टोली खटाइएको एसपिसिसीले जनाएको छ। दुवै टोलीले सगरमाथा आरोहीहरूलाई सुरक्षित बाटो बनाउने छन् । खुम्बु आइसफलमा बाटो बनाउने आरोहीलाई (आइसफल डाक्टर) भनिन्छ ।

सगरमाथाको दोस्रो शिविरसम्म बाटो तयार भएपछि मात्रै पर्वतारोहण सञ्चालक संघले दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउने अर्थात् 'रोप फिक्सिङ' (डोरी टाँग्ने) काम गर्ने छ। यसका लागि संघले अशोक लामाको नेतृत्वमा आठ सदस्यीय टोली खटाइसकेको जनाएको छ। संघले यो याममा सगरमाथा आरोहणका लागि बाटो बनाउने तथा रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपिडिसन कम्पनीलाई दिएको छ । वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । यो याममा सगरमाथा आरोहणका लागि उल्लेख्य सङख्यामा विदेशी आउँछन् ।

## स्वास्थ्य बिमा बोर्डको भुक्तानी दायित्व १६ अर्ब ४५ करोड

### आम्दानीभन्दा खर्च बढी हुँदा वित्तीय सन्तुलन कायम गर्न सकस

■ प्रभव संवाददाता

**काठमाडौं–** सरकारको स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत भुक्तानी दिनुपर्ने दायित्व १६ अर्ब ४५ करोड रूपैयाँ पुगेको छ । स्वास्थ्य बिमा बोर्डले आइतबार यहाँ पत्रकार सम्मेलनमार्फत स्थितिपत्र सार्वजनिक गर्दै आम्दानी कम तथा खर्च बढी हुँदा वित्तीय असन्तुलन, बोर्डको विश्वसनीयता तथा वित्तीय दिगोपना कायम राख्न कठिन देखिएको बताएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले स्थितिपत्र सार्वजनिक गर्दै कोषमा आम्दानीका सीमित स्रोत र घाटा बजेटले समस्या देखिएको बताए । 'स्वास्थ्य बिमा कोषमा बीमितबाट प्राप्त हुने रकम र नेपाल सरकारबाट प्राप्त हुने रकममात्र जम्मा हुने गरेको छ । बोर्डले अन्य स्रोतबाट आम्दानी प्राप्त गर्न सकेको देखिँदैन,' उनले भने, 'चालु आर्थिक वर्षको फागुन मसान्तमा बोर्डमा जम्मा एक अर्ब रूपैयाँ रकम रहेको छ भने भुक्तानी दिनुपर्ने रकम १६ अर्ब ४५ करोड रूपैयाँ छ । यस्तो आम्दानी र खर्चबीचको अन्तर निरन्तर फराकिलो हुँदै गएको छ । चालु आर्थिक वर्षमा बोर्डले जम्मा २६ अर्ब ५९ करोड रूपैयाँको बजेट स्वीकृत गरेको छ तर प्राप्त हुने रकम स्वीकृत बजेटको एकतिहाइ मात्र हुने देखिन्छ ।'

काफ्लेका अनुसार स्वास्थ्य बिमा कोषमा बढ्दो दायित्व र प्रत्येक वर्ष कोषले घर भाडाबापत दुई करोड ३४ लाख रूपैयाँ भुक्तानी दिँदै आएको छ । कार्यरत कर्मचारीको तलबभत्ता तथा दर्ता सहयोगी प्रोत्साहनबापत बर्सेनि करोडौं भुक्तानी गर्ने गरेको र जुन निरन्तर बढ्दै गएको उनको भनाइ छ । 'सेवा प्रदायकलाई भुक्तानी दिने रकम मासिक करिब दुई अर्ब रूपैयाँ थपिने गर्दछ । अन्य प्रशासनिक खर्च पनि नियमित ढंगबाट बढेको देखिन्छ । यसबाट स्वास्थ्य बिमा कोषमा आम्दानी र खर्चबीचको अन्तर निरन्तर बढ्दै गएको छ,' काफ्लेले भने, 'बेरुजु बढ्दो छ । महालेखापरीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखापरीक्षणको अवधिसम्म बोर्डको बेरुजु दुई अर्ब ८५ करोड २४ लाख ८९ हजार रूपैयाँ रहेको छ। बोर्डको वार्षिक आन्तरिक आम्दानीको ७५ प्रतिशत बेरुजु देखिनु आफैंमा चुनौतीपूर्ण छ । बेरुजु फर्स्योट गर्नेतर्फ थप मिहेनत गर्नुपर्ने देखिन्छ ।'



> सेवा प्रदायकलाई भुक्तानी दिने रकम मासिक करिब दुई अर्ब रूपैयाँ थपिने गर्दछ । अन्य प्रशासनिक खर्च पनि नियमित ढंगबाट बढेको देखिन्छ । यसबाट स्वास्थ्य बिमा कोषमा आम्दानी र खर्चबीचको अन्तर निरन्तर बढ्दै गएको छ ।
>
> ■ **डा. रघुराज काफ्ले**
> **निर्देशक, बोर्डका कार्यकारी**

उनले स्वास्थ्य बिमामा प्रतिपरिवारले गर्ने औसत प्रिमियम भुक्तानी तीन हजार ८०० रूपैयाँ रहेको भन्दै स्वास्थ्य बिमाबाट प्रतिपरिवारले लिएको सेवाको औसत भुक्तानी आठ हजार ३५० रूपैयाँ देखिएको बताए । सेवा लिनेको दरमा समानता, कूल संख्यामा असमानता रहेको काफ्लेको भनाइ छ । उनका अनुसार प्रदेशमा रहेका बीमितमध्ये आर्थिक वर्ष २०७८/७९ मा कोशी र बागमती प्रदेशमा स्वास्थ्य सेवा लिने ४२ प्रतिशत, गण्डकीमा ३६ प्रतिशत, लुम्बिनीमा ३४ प्रतिशत थिए भने मधेसमा २६ प्रतिशत, कर्णालीमा ३४ प्रतिशत र सुदूरपश्चिममा २५ प्रतिशत रहेका थिए । उक्त दर आर्थिक वर्ष २०८०/८१ मा क्रमशः कोशीमा ४६, बागमती र गण्डकीमा ४४, लुम्बिनीमा ३९, मधेसमा २९, कर्णालीमा ५४ र सुदूरपश्चिममा ४० प्रतिशत रहेको छ ।

काफ्लेले आर्थिक तथा सामाजिक दृष्टिमा पछाडि परेका प्रदेशहरूमा बिमामा सहभागिता निकै कम रहेकाले त्यहाँ सेवा लिनेको संख्या पनि निकै कम र यसैगरी उक्त प्रदेशका बहुसंख्यक नागरिक स्वास्थ्य बिमामा समेटिन बाँकी रहेको बताए । उनका अनुसार स्वास्थ्य बिमा कार्यक्रम हाल ७७ जिल्लाका ७४९ वटा स्थानीय तहमा विस्तार भएको छ। 'कार्यक्रम लागू भएदेखि हालसम्म कूल ८९ लाख ५२ हजार १३५ जना व्यक्ति स्वास्थ्य बिमामा आबद्ध भएका छन् । आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा क्रियाशील बीमितको संख्या ५७ लाख ५३ हजार ८१७ रहेको छ जुन कूल जनसंख्याको २० प्रतिशत हो,' उनले भने, 'जसमध्ये सामान्य क्रियाशील बीमित ४३ लाख दुई हजार ७०९ अर्थात् कूल बीमितमध्ये ७५ प्रतिशत र क्रियाशील लक्षित बीमित १४ लाख ५१ हजार १०८ अर्थात् २५ प्रतिशत रहेका छन् । क्रियाशील बीमितको संख्या विश्लेषण गर्दा अझै पनि बहुसंख्यक अर्थात् ८० प्रतिशत नागरिकलाई समेट्न थप मिहेनत गर्नुपर्ने देखिन्छ ।'

## चार महिनापछि ताप्लेजुङमा हवाई सेवा सुरू

**ताप्लेजुङ (प्रस)**– करिब चार महिनापछि यहाँको सुकेटार विमानस्थलमा आइतबारदेखि पुनः हवाई सेवा सुरु भएको छ । सुकेटार विमानस्थलमा उडान हुने नेपाल वायुसेवा निगमका दुई जहाजमा समस्या आएपछि मंसिरको अन्तिम सातादेखि नियमित उडान बन्द भएको थियो ।

शुक्रबार तय गरिएको उडान तालिका प्राविधिक समस्याका कारण आइतबारका लागि सारिएको थियो । काठमाडौंबाट पाँच यात्रु लिएर आएको जहाजले ताप्लेजुङबाट चार पुरुष र दुई महिला यात्रु गरी छ जनालाई काठमाडौं लिएर गएको सुकेटार विमानस्थलले जनाएको छ ।

लामो समयदेखि हवाई सेवा ठप्प हुँदा आन्तरिक तथा बाह्य पर्यटक, सर्वसाधारणले हवाई सेवा लिन पाएका थिएनन् । यस विमानस्थलमा केही वर्षअघि सीता एयर र तारा एयरले पर्यटकीय याममा उडान गरेका थिए । हाल यी दुवै कम्पनीले सेवा बन्द गरेका छन् ।

## लेखा व्यवसायीको चौथो राष्ट्रिय सम्मेलन मंगलबारदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** लेखा व्यवसायीको चौथो राष्ट्रिय सम्मेलन मंगलबारदेखि सुरु हुने भएको छ । 'कर र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणमार्फत अर्थतन्त्रको रूपान्तरण' भन्ने नाराका साथ लेखा व्यवसायीको सम्मेलन आयोजना हुन लागेको आयोजक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)ले जानकारी दिएको छ ।

कार्यक्रम अवधिभर लेखा व्यवसायी, नीति निर्माता, शिक्षाविद्, उद्योगी तथा विद्यार्थीमाझ कर प्रणाली तथा सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरण विषयमा अन्तर्क्रिया हुने आयोजकले जनाएको छ । दुई दिनसम्म चल्ने सम्मेलनमा पाँच प्राविधिक तथा दुई पूरकसहित कूल सात सत्र सञ्चालन हुँदै छन् । कर प्रणाली र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणका लागि गहन छलफलमार्फत उपयुक्त नीति निर्माण, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने उद्देश्यले सम्मेलन गर्न लागिएको आइक्यानले जानकारी दिएको छ ।

सम्मेलनले लेखा पेसाको उन्नति र आर्थिक विकासमासमेत योगदान पुर्‍याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। सात सेसनमा ३५ वक्ता सहभागी हुने छन् । चार जनाले प्रस्तुति दिने छन् । पाँच जना अन्तर्राष्ट्रिय प्रतिनिधिसमेत उपस्थित हुने आयोजकले बताएको छ । सम्मेलनमा राष्ट्रिय-अन्तर्राष्ट्रिय गरी करिब एक हजार जनाको सहभागिता रहने अनुमान गरिएको छ ।

मंगलबार हुने उद्घाटन कार्यक्रममा आइक्यानका अध्यक्ष प्रविनकुमार झा र अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सम्बोधन गर्ने कार्यक्रम छ । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, डेपुटी महालेखा परीक्षक बामदेभ शर्मा अधिकारी र दक्षिण एसियाली लेखा महासंघ अध्यक्ष अशाफाक युसुफ तोलासमेत उपस्थित रहने बताइएको छ ।




सम्मेलनको उद्घाटनपछि पहिलो सेसन सुरु हुने छ । पहिलो सत्रमा सार्वजनिक वित्तीय व्यवस्थापनको नवीनता तथा विश्वव्यापी प्रवृत्ति र नेपालमा कार्यान्वयन स्थितिबारे छलफल हुने छ । उक्त सत्रमा चार्टर्ड एकाउन्टेन्ट संस्था भारतका अध्यक्ष चरणजोतसिंह नन्दले अध्यक्षता ग्रहण गर्ने छन् भने आइक्यानका पूर्वअध्यक्ष नरेन्द्र भट्टराईले मोडरेटर तथा पूर्वउपमहालेखापरीक्षक रामुप्रसाद डोटेलले पेपर प्रिजेन्टेसन गर्ने कार्यक्रम छ । प्यानालिस्टमा सरकारका सहसचिव सुवासचन्द्र सिवाकोटी, सिए हेमकुमार काफ्ले र दक्षिण एसियाली लेखा महासंघका प्रतिनिधि रहने कार्यक्रम छ ।

दोस्रो सत्रमा दिगो अर्थतन्त्र र सार्वजनिक वित्तीय व्यवस्थापनमा भइरहेका पहललाई एकीकृत गर्नेगरी परामर्श हुने छ । यसमा आइक्यान सदस्य आनन्दराज शर्मा वाग्लेले मोडरेटर गर्ने छन् भने श्रीलंकाका काउन्सिल मेम्बर शमन श्रीलाले पेपर प्रिजिन्टेसन दिने छन् ।

तेस्रो सत्र सार्वजनिक वित्तीय व्यवस्थापन सुधार तथा लेखाव्यवसायीको भूमिकामा केन्द्रित रहने छ । जसमा उपमहालेखापरीक्षक बैकुण्ठबहादुर अधिकारीले अध्यक्षता ग्रहण गर्ने छन् भने सिए ठाकुरप्रसाद अधिकारीले मोडरेटर तथा सिए नन्द्रकिशोर शर्माले पेपर प्रिजेन्टेसन गर्ने छन् । छलफल सत्रमा सिए विश्वराज बसौला, गोरखबहादुर शाही, सिए भवनाथ दाहाल र सिए सञ्जिता नेपाल रहने छन् । चौथो सत्र वैदिक साहित्य र वित्तीय अनुशासनमा केन्द्रित रहने छ। यो सेसनमा सिए हरिकुमार सिलवाल मोडरेटर रहने छन् भने अर्जुनप्रसाद बास्तोलाले पेपर प्रिजेन्टेसन गर्ने छन् । पाँचौं सत्र 'स्वस्थ जीवनका लागि स्वस्थ आहार'मा केन्द्रित रहने छ । डा. उमेश श्रेष्ठले प्रस्तुति दिने छन् ।

छैटौं सेसनमा 'रणनीतिक कर सुधार : लचिलो कर प्रणालीमा अन्तर्राष्ट्रिय अभ्यास अवलम्बन'का विषयमा छलफल हुने छ । जसमा सिए नीलबहादुर सारु मगरले मोडरेटर गर्ने छन् भने प्यानालिस्टमा पूर्वसचिव रामेश्वर खनाल, आइक्यान पूर्वअध्यक्ष सुदर्शनराज पाण्डे, उद्योग वाणिज्य महासंघ कर तथा राजस्व कमिटी अध्यक्ष अम्बिकाप्रसाद पौडेल, आन्तरिक राजस्व विभागका डेपुटी डाइरेक्टर पदमकुमार श्रेष्ठ, दक्षिण एसियाली लेखा महासंघका प्रतिनिधि रहने छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ